# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १५० | काठमाडौं | बिहीबार, ०३ असोज २०८१ | Prabhab National Daily | Thursday, September 19, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**संबिधान दिवस भब्य रूपमा मनाऔं**

- नेपालको संबिधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रूपमा मनाऔं ।
- संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संबिधान दिवसको महत्व बढाऔं ।
- प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# अलमलियो आर्थिक लोकतन्त्र

## कर प्रणालीमा पुनर्संरचना आवश्यक

■ **हेमन्त जोशी**

**काठमाडौं–** मुलुकमा गणतन्त्र स्थापनापछिका १५ वर्ष र विद्यमान संविधान जारीपछिका नौ वर्षमा अर्थतन्त्रका सूचकहरूमा स्वाभाविक परिवर्तन भए । यो अवधिमा अधिकांश आर्थिक तथा वित्तीय सूचकहरू साह्रै सुस्त रहे भने केही औसत र निकै कममात्र सन्तोषजनक छन् ।

नेपालको संविधान २०७२, पछि नेपालले आर्थिक प्रणालीमा संघीयता र वित्तीय विकेन्द्रीकरणको अवधारणामार्फत परिवर्तनको खाका त कोरेको छ, तर प्रभावकारी कार्यान्वयनका लागि अझै धेरै चुनौतीको सामना गर्नुपर्ने अवस्था रहेको अर्थतन्त्रका जानकारहरू बताउँछन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहित संविधान जारी भएपछि संविधानबाटै तीन खम्बे अर्थनीति, समाजवाद उन्मुख अर्थ व्यवस्थालगायतका कार्यदिशा तय भए । 'नेपालको संविधान, २०७२' को प्रस्तावनामै 'आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' उल्लेख गरियो भने 'समाजवाद उन्मुख' अर्थतन्त्रको परिकल्पना गरियो । रोजगारी, श्रम, सम्पत्ति, खाद्य, आवासलगायत मौलिक हकको प्रत्याभूति संविधानमार्फत गरियो ।

राज्यका निर्देशक सिद्धान्तमा 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा



> राजनीतिक तहमा आर्थिक पुनर्संचना भनेको के हो र यो कसरी गर्ने भनेर पर्याप्त छलफलसमेत भएनन् । हाम्रो यहाँको मान्छे, माटो, पानी र प्रविधिलाई आधार बनाएर अर्थतन्त्र पुनर्संरचनाको खाका तयार पारिनुपर्नेमा हामी त्यसमा चुक्यौं ।
>
> ■ **हरि रोका**
> अर्थविद्

विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने' उल्लेख गरियो। राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य संविधानबाट तय गरियो । मुलुक संघीय संरचनामा गएपछि तीनवटै तहबीच स्रोत तथा राजस्व बाँडफाँटलगायत विभिन्न आर्थिक अधिकारहरू प्रत्यायोजन गरियो ।

संविधानले देखाएका यी बाटाहरूलाई गणतन्त्रपछिको महत्त्वपूर्ण उपलब्धिका रूपमा मान्न सकिन्छ । तर, कार्यान्वयनको पक्ष भने कमजोर देखिएको छ । अर्थविद्हरू भन्छन्, 'अस्थिर राजनीतिको प्रतिच्छाया सबैभन्दा बढी अर्थतन्त्रमा देखियो । विकास र समृद्धिको गति निराशाजनक छ । आर्थिक लोकतन्त्रमा नेपाल चुकिरहेको छ ।'

संविधानले जे-जस्तो आर्थिक समृद्धि र सामाजिक न्यायको दिशा देखाएको छ, त्यसको कार्यान्वयनमा देखिएका अवरोध र मुख्यगरी राजनीतिक अस्थिरतालाई नहटाएसम्म अर्थतन्त्रको अवस्था नसुध्रिने धारणा अर्थविद्हरूबाट आएका छन् । समग्र आर्थिक सुधार र स्थिरताका लागि एकीकृत दृष्टिकोण बन्न नसकेको पनि उनीहरूको भनाइ छ ।

अर्थविद् डा. चन्द्रमणि अधिकारी विद्यमान संविधानले आर्थिक दृष्टिकोणले 'विस्तारकारी' र पर्याप्त स्रोतको माग गर्ने बताउँछन् । 'संविधानमा राखिएका १० वटा मौलिक हकले प्रत्यक्ष र चारवटाले अप्रत्यक्ष रूपमा आर्थिक स्रोतको माग गर्दछन् । यस अर्थमा संविधान आर्थिक दृष्टिकोणले फराकिलो र धेरै स्रोतको माग गर्ने भएका कारण यसलाई विस्तारकारी भन्न सकिन्छ,' उनले भने, 'तीन तहका सरकार, विभिन्न संवैधानिक निकाय तथा आयोगलगायत संरचना धेरै भए । यसले पनि आर्थिक दायित्वको सिर्जना गर्दछ ।'

(क्रमशः पृष्ठ २ मा)

**संविधान दिवस**

# संविधानको नौ वर्षः कार्यान्वयनमा अझै आलटाल



संविधान सजावटका लागि होइन, कार्यान्वयनका लागि हो । तर, कार्यान्वयन उत्साहजनक भएन । अझ उदेकलाग्दो त के छ भने मौलिक हककोसमेत कार्यान्वयन अक्षरशः हुन सकेन ।

■ **डा. भीमार्जुन आचार्य**
संविधानविद्



संविधानको जति बढी स्वीकार्यता बढ्दै जान्छ, त्यति नै संविधानको आयु लम्बिन्छ । तर, त्यसका लागि संशोधन गर्दै जानुपर्छ ।

■ **मनिष सुमन**
प्रवक्ता, जसपा नेपाल



संविधान अपरिवर्तनीय दस्तावेज होइन । परिवर्तनीय हो तर मूलतः कांग्रेस र एमाले संविधान संशोधन गरेर आदिवासी जनजाति, दलित, मधेसी, थारूलगायत समुदायलाई अधिकार सम्पन्न बनाउने सन्दर्भमा कठोर देखिए ।

■ **शंकर लिम्बू**
आदिवासी अभियन्ता तथा अधिवक्ता

■ **जेबी योञ्जन**

**काठमाडौं–** मुलुकमा पहिलोपटक जनताका प्रतिनिधि सहभागी संविधानसभाबाट लेखिएको संविधान जारी भएको नौ वर्ष पूरा भएको छ । देशलाई एकात्मक र राजतन्त्रात्मक प्रणालीबाट संघात्मक र लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउने मार्गचित्र संविधानमै कोरिएको छ ।

वि.सं. २००४, २०१५, २०१९ र २०४७ मा जारी संविधानहरूको तुलनामा जनअधिकारको दृष्टिले हाल कार्यान्वयनमा रहेको संविधानलाई प्रगतिशील भन्ने गरिन्छ । तर, संविधान जारी भएको दशक हुन लाग्दासम्म आवश्यक ऐन कानुन निर्माण भइसकेका छैनन् । संविधान कार्यान्वयन पनि उत्साहजनक नभएको संविधानविद् डा. भीमार्जुन आचार्य बताउँछन् । 'संविधान सजावटका लागि होइन, कार्यान्वयनका लागि हो । तर, कार्यान्वयन उत्साहजनक भएन,' उनले प्रभावसँग भने, 'अझ उदेकलाग्दो त के छ भने मौलिक हककोसमेत कार्यान्वयन अक्षरशः हुन सकेन ।'

उनका अनुसार वर्तमान संविधानका चारवटा प्रतीज्ञा थिए । पहिलो, विधिको शासन । तर, संविधान कार्यान्वयनको नौ वर्षलाई हेर्दा 'नेताको शासन' देखिएको बताए । दोस्रो प्रतीज्ञा भनेको सामाजिक-आर्थिक न्यायको सुनिश्चितता हो । यसअन्तर्गत समावेशिता रहेको तर यसको पनि मर्मअनुसारको कार्यान्वयनमा सरकारहरू चुके ।

तेस्रो, संविधानले खोजेको जवाफदेहिता हो । यसको अवस्था त शून्य नै भएको संविधानविद् आचार्यले बताए । अर्को, देशमा आर्थिक समृद्धिको



*फाइल तस्बिर*

प्रतीज्ञा थियो । यसमा पनि आशा जागृत गर्न सरकार असफल भएको उनको भनाइ छ । ३ असोज २०७२ मा कयौं दृश्य र अदृश्य दबाब र स्वार्थलाई चिर्दै संविधानसभाबाट संविधान जारी भयो । नेपालको सन्दर्भमा यो दुर्लभ घटना थियो । संविधानसभाध्यक्ष सुवासचन्द्र नेम्बाङ दिवंगत भइसके ।

त्यसबेला संविधान घोषणासभामा नेम्बाङले भनेका थिए, 'संविधानले अधिकार दिन्छ तर विवेक र क्षमता दिँदैन ।' नेम्बाङले यसो भनेर नेता र नेतृत्वमा सही ढंगले कार्यान्वयन गर्ने विवेक र क्षमता भएन भने संविधानमा कुनै पनि बेला समस्या आउनेतर्फ सचेत गराएका हुन् ।

संविधान जारी भएपछि सबै जाति, क्षेत्र, लिंग र समुदायलाई समान अधिकार दिएको भन्दै देशभर उत्सव मनाइएको थियो । मधेस केन्द्रित राजनीतिक दलहरूले त्यसबेला कालो दिन मनाएका थिए । मधेस आन्दोलनको नेतृत्वदायी दल जनता समाजवादी पार्टी (जसपा)का प्रवक्ता मनिष सुमनले अहिले पनि संविधानप्रति मधेसका जनता असन्तुष्ट रहेको बताए ।

उनले भने, 'संविधानको जति बढी स्वीकार्यता बढ्दै जान्छ, त्यति नै संविधानको आयु लम्बिन्छ । तर, त्यसका लागि संशोधन गर्दै जानुपर्छ । नागरिकताको सवालमा संविधानको संशोधन भयो तर धेरै विभेदित प्रावधान हटाउन संविधानको संशोधन अनिवार्य छ ।'

संविधान जारी भएको बेला मधेसमा आन्दोलन थियो । पश्चिम तराईमा थारु समुदाय आन्दोलित थियो । पहाडमा आदिवासी जनजातिहरू आन्दोलित थिए । वर्षौंदेखि भेदभाव, छुवाछूतजस्ता अमानवीय व्यवहारले पिल्सिएका दलित समुदाय पनि असन्तुष्ट थिए । आजपर्यन्त असन्तुष्ट छन् । यसको मतलव संविधान परिवर्तनीय दस्तावेज भए पनि मधेसी, थारु, आदिवासी, दलितलगायत समुदायलाई अधिकार सम्पन्न बनाउनेगरी संविधानको संशोधन भएको छैन । यसप्रति मूलतः नेपाली कांग्रेस र नेकपा एमाले कठोर बनेको आदिवासी अभियन्ता तथा अधिवक्ता शंकर लिम्बू बताउँछन् ।

'संविधान अपरिवर्तनीय दस्तावेज होइन । परिवर्तनीय हो तर मुलतः कांग्रेस र एमाले संविधान संशोधन गरेर आदिवासी जनजाति, दलित, मधेसी, थारुलगायत समुदायलाई अधिकार सम्पन्न बनाउन सन्दर्भमा कठोर देखिए,' लिम्बूले भने ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# युरोप र अस्ट्रेलियामा रोजगार मेला सञ्चालन गरिने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले युरोप र अस्ट्रेलियामा नेपालीहरूलाई रोजगारीको अवसर सिर्जना गराउने उद्देश्यले रोजगार मेलाको अयोजना गर्ने भएको छ । वैदेशिक रोजगारीका लागि नयाँ गन्तव्यको खोजी गर्ने र रोजगारी अभिवृद्धिका लागि रोजगारदाता मुलुकसँग आपसी सहकार्य र समन्वय गर्ने जिम्मेवारी पाएको वैदेशिक रोजगार बोर्डले निकट भविष्यमा नै युरोपेली मुलुक र अस्ट्रेलियामा रोजगार मेला सञ्चालन गर्ने जनाएको हो ।

नेपालीहरू रोजगारीका लागि युरोपका विभिन्न मुलुकमा गइरहेको उल्लेख गर्दै त्यहाँको श्रमबजारमा बढिरहेको आप्रवासी कामदारको मागलाई सम्बोधन गर्न नेपाली जनशक्ति पनि सक्षम छन् भन्ने जानकारी दिन रोजगार मेलाको आवश्यकता रहेको बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए । उनका अनुसार युरोपसँगै अस्ट्रेलिया र क्यानडामा पनि रोजगार मेला आयोजना गर्ने सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग छलफल भइरहेको छ । 'युरोप, अस्ट्रेलिया र क्यानडामा रोजगार मेला गरौं भन्ने नै छ,' उनले भने, 'यसमा मन्त्रालयसँग छलफल भईरहेको छ, एउटा निष्कर्ष आएपछि कहिले गर्ने, कसरी गर्ने भन्ने टुंगो लगाउँछौं ।'

यसअघि पनि युरोपमा रोजगार मेला सञ्चालन गर्ने भनिए पनि विभिन्न



> युरोपलाई नेपालीहरूको रोजगार गन्तव्य बनाउनुपर्छ भन्ने व्यवसायीहरूको पहिलेदेखिको माग हो । संघमा निर्वाचित भएर आउनेबित्तिकै हामीले सरकारसँग समन्वय गरेर युरोपमा रोजागर मेला आयोजना गर्न पनि खोजेका थियौं, तर विविध कारणले त्यो सम्भव भएन ।
>
> ■ **राजेन्द्र भण्डारी**
> अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

कारणले हुन नसकेको भन्दै कार्यकारी निर्देशक उप्रेतीले अब आयोजना गरिने मेलाले आकर्षक गन्तव्य मानिएका युरोप, अस्ट्रेलिया र क्यानडामा रोजगारीको अवसर खुल्ने बताए । उनका अनुसार ती मुलुकमा कस्ता जनशक्तिको माग बढी छ भनेर अध्ययनसमेत भइरहेको छ । अब सक्रिय रूपमा नयाँ गन्तव्यको खोजी गर्ने र रोजगारीका अवसर पहिल्याउन विभिन्न गतिविधि अघि बढाउन बोर्डले गृहकार्य गरिरहेको उप्रेतीले बताए ।

पछिल्लो समय अस्ट्रेलिया र क्यानडा नेपालीहरूको नयाँ रोजगार गन्तव्य हुन सक्ने देखिएको भन्दै कार्यकारी निर्देशक उप्रेतीले श्रम सम्झौताका लागि प्रस्ताव गर्न मन्त्रालयलेसमेत पहल गरिरहेको बताए । 'अस्ट्रेलिया र क्यानडामा आप्रवासी कामदारलाई राम्रो अवसर छ,' उनले भने, 'अहिले पनि त्यहाँ विदेशी कामदारको माग उच्च छ, हामीले नेपाली जनशक्ति आपूर्ति गर्न लबिङ गर्नुपर्ने अवस्था छ, त्यसका लागि पनि काम गरिरहेका छौं ।' श्रम मन्त्रालयले चालु आर्थिक वर्षमा नयाँ रोजगार गन्तव्य खोजी गर्न बनाएको कार्यदलले पनि अस्ट्रेलिया र क्यानडालाई छनोट गर्न सुझाव दिएको उनले बताए ।

पछिल्ला केही वर्षयता नेपालीहरूको वैदेशिक रोजगारको यात्रा मलेसिया र खाडी मुलुकमा मात्रै सीमित नभएर युरोपमासमेत फैलिएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । यस्तो अवस्थामा सरकाले नै नयाँ गन्तव्यको खोजी गर्दै रोजगार मेलासमेत सञ्चालन गर्न खोज्नुले नेपालीहरूलाई थप रोजगारीको अवसर खुल्ने उनीहरूको भनाइ छ । अस्ट्रेलिया र क्यानडामा श्रम स्वीकृति लिएर जाने नेपाली संख्या न्यून भए पनि मलेसिया र खाडी मुलुकको तुलनामा युरोपलाई मात्रै श्रम गन्तव्य बनाउन सके ठूलो संख्यामा नेपाली कामदारले लाभ लिनसक्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी बताउँछन् ।

'युरोपलाई नेपालीहरूको रोजगार गन्तव्य बनाउनुपर्छ भन्ने व्यवसायीहरूको पहिलेदेखिको माग हो,' उनले भने, 'संघमा निर्वाचित भएर आउनेबित्तिकै हामीले सरकार (श्रम मन्त्रालय)सँग समन्वय गरेर युरोपमा रोजागर मेला आयोजना गर्न पनि खोजेका थियौं, तर विविध कारणले त्यो सम्भव भएन ।'

युरोपमात्र नभएर कामदारको सुरक्षा र आकर्षक पारिश्रमिकको व्यवस्था गर्न सक्ने रोजगारीको अवसर भएका मुलुकहरूमा नेपालीलाई पठाउनेगरी मेला आयोजना गर्नुपर्ने भण्डारीको भनाइ छ । सरकारले समयमै वैदेशिक रोजगारसम्बन्धी समस्याको हल नगर्दा अहिले पनि व्यवसायीले युरोपबाट ल्याएका माग प्रमाणीकरण हुन नसकेको अध्यक्ष भण्डारीले बताए । 'युरोपको ५० हजारभन्दा बढी डिमाण्ड प्रमाणीकरण हुन नसक्दा रोजगारीको अवसर गुम्ने अवस्थामा पुगेको छ,' उनले भने, 'यो वा त्यो बाहानामा प्रमाणीकरण हुन सकिरहेको छैन, रोजगार मेला आयोजना गर्ने हो भने पहिला मागपत्र प्रमाणीकरण हुने अवस्था बनाउनुपर्छ ।' वैदेशिक रोजगारसम्बन्धी सरकारले गर्ने क्रियाकलापमा व्यवसायीहरू हातेमालो गर्न पनि तयार रहेको अध्यक्ष भण्डारीले बताए ।


जनहितमा जारी सन्देश



पृष्ठ १ बाट क्रमशः

## संविधानको नौ ...

संविधान कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणसमेत भएको छैन । कतिसम्म भने मौलिक हक कार्यान्वयन गर्न आवश्यक कानुन संसद्बाट बनेकै छैन । संविधानको धारा २५ मा सम्पत्तिको हकसम्बन्धी व्यवस्था गरिएको छ । मौलिक हकअन्तर्गत पर्ने उक्त हक कार्यान्वयन कसरी हुन्छ भन्ने कानुन बन्नुपर्ने थियो तर हालसम्म बनेको छैन । कानुन मन्त्रालयदेखि संघीय संसदसम्मले यस्तो कानुन बन्नुपर्ने भनी औंल्याएका छन् । तर, यो कानुन बनाउने चासो र प्राथमिकता दुवै देखिँदैन ।

धारा ३१ मा शिक्षा र धारा ३३ मा रोजगारीको हक मौलिक हकको रूपमा संविधानमा राखिएको छ । उक्त ऐनले अधिकार त सुनिश्चित गरेको छ तर त्यसको कार्यान्वयन गर्ने निकायलाई जिम्मेवार नबनाएको संवैधानिक कानुनका जानकार रहेका बारका पूर्वअध्यक्ष चण्डेश्वर श्रेष्ठले बताए ।

उनका अनुसार कानुन निर्माण भएपछि मात्र यसको कार्यान्वयन कसले गर्ने र कसरी गर्ने भन्ने निश्चित हुन्छ । यस्तै, संविधान निर्माण भए लगत्तै यी मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुन बन्नुपर्ने थियो । यो कानुन नबन्दा जनताले पनि संविधानले ग्यारेन्टी गरेको निःशुल्क शिक्षा र रोजगारी पाउने आफ्नो हक हनन् भएको दाबी गर्न पाएका छैनन् ।

यी र यस्तै ३१ वटा धारामा मौलिक हकको ग्यारेन्टी संविधानले गरेको छ । तर हालसम्म एकाधबाहेक कानुन नबनेको श्रेष्ठले बताए । उनले मौलिक हक भनेको जनतासँग प्रत्यक्ष जोडिने कानुनहरू हभएको भन्दै त्यसको निर्माणमा सरकारले प्राथमिकता नदिएको गुनासो गरे ।

विगत नौ वर्षमा दलहरू सरकार निर्माण र सत्तामा कसरी आफू पुग्ने भन्नेमा मात्र केन्द्रित भएको र जनतासँग जोडिएको कानुन बनाउन भने चुकेको उनी बताउँछन् । 'कानुन बनाउने र संविधान कार्यान्वयन प्रभावकारी गर्ने सन्दर्भ जुन छ, यसमा ध्यान दलहरूको गएको देखिएन । कसरी सत्तामा रहने ? यसमै जोडबल छ जसले गर्दा संविधान कार्यान्वयन प्रभावकारी भएन,' श्रेष्ठले भने ।

हालै अन्त्य गरिएको संसद्को बजेट अधिवेशनमा जम्ममा ११ वटा विधेयक पारित भए । बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकसहित ११ वटा विधेयक पारित भए । थुप्रै विधेयक संसद्मा विचाराधीन छन् । छिटो पारित गरेर संविधान कार्यान्वयनमा तदारुकता देखाउनुपर्ने भएको संविधानविद् आचार्यले बताए ।

● ● ●

## अलमलियो आर्थिक...

मुलुकको आर्थिक विकासका लागि संविधान बाधक नरहे पनि अस्थिर राजनीति, प्राथमिकतामा पर्न नसकेका आर्थिक एजेण्डा, चुनौतीपूर्ण देखिएको वित्तीय संघीयता कार्यान्वयनलगायत विषयलाई हल गर्न नसकिएको डा. अधिकारीको बुझाइ छ ।

अर्का अर्थविद् हरि रोका पनि नेपालको राजनीतिक परिवर्तनले आर्थिक संरचनामा तात्त्विक सुधार ल्याउन नसकेको स्वीकार्छन् । आर्थिक लोकतन्त्र स्थापनाका लागि राजनीतिक स्थिरतालाई हुनु पहिलो सर्त रहेको उनको भनाइ छ । कृषिको आधुनिकीकरण र पूर्वाधारको पर्याप्त विकास गर्नेगरी संरचनागत सुधारको आवश्यकता रहेको रोकाको धारणा । अर्थतन्त्रको पुनर्संरचना गर्ने विषय सधैं राजनीतिक उपेक्षामा पर्दा विभिन्न राजनीतिक परिवर्तनपछि पनि मुलुकको आर्थिक अवस्थामा तात्त्विक फरक देखिन नसकेको उनको भनाइ छ ।

'२०४६ सालको पहिलो जनआन्दोलन र २०६२/६३ सालको दोस्रो जनआन्दोलनपछि मुलुकमा राजनीतिक पुनर्संरचना भए पनि आर्थिक पुनर्संरचना हुन सकेन,' अर्थविद् रोका भन्छन्, 'राजनीतिक तहमा आर्थिक पुनर्संचना भनेको के हो र यो कसरी गर्ने भनेर पर्याप्त छलफलसमेत भएनन् । हाम्रो यहाँको मान्छे, माटो, पानी र प्रविधिलाई आधार बनाएर अर्थतन्त्र पुनर्संरचनाको खाका तयार पारिनुपर्नेमा हामी त्यसमा चुक्यौं ।' अर्थतन्त्र पुनर्संरचना र आर्थिक सुधारको प्रयास तत्काल नथाल्ने हो भने मुलुक थप समस्यामा पर्ने उनको बुझाइ छ ।

वित्तीय स्रोतको अभाव, दक्ष जनशक्तिको कमी, राजनीतिक अस्थिरतालगायत समस्याहरू समाधान नगरिँदासम्म संविधानले परिकल्पना गरेको आर्थिक समृद्धि हासिल गर्न नसकिने समान धारणा अधिकारी र रोका राख्छन् । सुशासन अभाव र सेवा प्रवाहमा सहजता नहुँदा विद्यमान व्यवस्था र शासन शैलीप्रति नागरिकस्तरमा वितृष्णा बढ्दो छ । मुलुकको बिग्रँदो आर्थिक अवस्थालाई देखाएर संविधान र शासन व्यवस्था माथि नै प्रश्न गर्न थालिएको छ । तर, अर्थतन्त्र संकटको डिलमा एकाएक पुगेको भने होइन । वर्षौंदेखिका समस्या थपिँदै र गहिरिँदै गएर दुर्घटनाको अवस्थासम्म पुगेका हुन् ।

संविधानले मुलुकलाई संघीय प्रणालीमा विभाजन गर्दै संघ, प्रदेश र स्थानीय तहबीच सत्ता र स्रोतहरू बाँडफाँड गर्‍यो । यसले वित्तीय विकेन्द्रीकरणको खाका प्रस्तुत गर्दै प्रदेश र स्थानीय सरकारहरूलाई समेत कर संकलन, बजेट निर्माण, र खर्चको अधिकार प्रदान गर्‍यो । अहिले स्थानीय तहहरूले आफ्नो क्षेत्रको आवश्यकताअनुसार विकास योजना बनाउन र कार्यान्वयन गर्न पाएका छन् । तर, वित्तीय संघीयता कार्यान्वयनमा समस्या देखिएको तथ्य कसैबाट लुकेको छैन । वित्तीय स्रोतहरूको बाँडफाँटमा असमानता एवं अस्पष्टता, नीतिगत विवाद, र स्रोत वितरणमा ढिलाइले गर्दा स्थानीय सरकार हरूले पूर्ण क्षमतामा काम गर्न नसकेको अर्थविद् डा. अधिकारी बताउँछन् ।

तीन तहका सरकारबीचको समन्वय हुन नसक्दा पनि विकास योजनामा ढिलासुस्ती हुने गरेको उनको बुझाइ छ । त्यस्तै, स्थानीय तहहरूले आफूमा आवश्यक दक्षता र प्रशासनिक क्षमता विकास गर्न सकेका छैनन् । जनप्रतिनिधिहरूको अनुभवको कमी र दक्ष जनशक्तिको अभावले गर्दा बजेटको सदुपयोगमा समस्या उत्पन्न भएको छ । संघ सरकार परिवर्तन भएसँगै प्रदेश सरकार पनि परिवर्तन हुने परिपाटीकै कारण ती संरचनाले सोचेअनुरूप काम गर्न नसकेको र नागरिक तहबाटसमेत प्रदेशको औचित्यताबारे प्रश्न उठेको डा. अधिकारीको बुझाइ छ ।

संविधानले प्राकृतिक स्रोतहरूको उपयोगमा संघ, प्रदेश र स्थानीय तहबीच साझा जिम्मेवारी तय गरेको छ । संविधानअनुसार कर संकलन र स्रोतको विकेन्द्रीकरण भए पनि धेरैजसो स्थानीय तहले स्रोत अभावको सामना गरिरहेका छन् । आफ्नै स्रोत सीमित भएका कारण आर्थिक विकासका योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिनाइ भएको छ । केन्द्रबाट प्राप्त अनुदानमा निर्भर रहनुपर्ने स्थिति अझै कायम छ ।

त्यस्तै, विकासको आवश्यकता पूरा गर्न विदेशी लगानीलाई कानुनी सुरक्षा र स्थिरता प्रदान गर्दै आर्थिक सुधार गर्न सकिने बाटो संविधानबाटै पहिल्याएको छ । उत्पादन, पूर्वाधार, ऊर्जालगायत क्षेत्रमा विदेशी लगानी आकर्षित गरिनु, देशको आर्थिक वृद्धिका लागि महत्त्वपूर्ण कदम मानिएको छ । विदेशी लगानीका लागि संविधानले कानुनी सुरक्षा दिएको भए पनि राजनीतिक अस्थिरता, अस्थिर आर्थिक नीति, र निर्णय प्रक्रियामा हुने ढिलासुस्तीले ठूला विदेशी लगानीकर्ताहरू नेपालमा लगानीका लागि आकर्षित हुन सकेका छैनन् । वर्तमान संविधान जारी भएपछि पनि सरकारले दुईवटा अन्तर्राष्ट्रिय लगानी सम्मेलन आयोजना गरिसकेको छ । तर, नेपाल भित्रिएको प्रत्यक्ष वैदेशिक लगानीको आँकडा हेर्दा सन्तोष गर्ने ठाउँ छैन । सरकारले गत वैशाखमा आयोजना गरेको लगानी सम्मेलनका क्रममा जम्मा दुईवटा आयोजनामा मात्र लगानीकर्ताबाट आशयपत्र पेश भएको लगानी बोर्डको तथ्यांकले पनि हाम्रो कमजोर अवस्था प्रदर्शित गर्छ ।

लेखापरीक्षण, राजस्व संकलन, र भ्रष्टाचार नियन्त्रणजस्ता संवैधानिक निकायहरूको सशक्तीकरणले सरकारी स्रोतहरूको पारदर्शिता बढाउँछ र आर्थिक अनुशासनलाई सुधार्न सहयोग पुर्‍याउँछ । तर, अहिले ती निकायहरूकै कार्यक्षमता र कार्यशैलीमा गम्भीर प्रश्न देखिन थालेका छन् । अर्थविद् रोका नेपालको कर प्रणाली पुनर्संरचना अपरिहार्य भइसकेको बताउँछन् । 'अहिले गरिबलाई बढी कर लगाउने र धनीलाई कर छुट दिइरहेको अवस्था छ । अर्कोतर्फ नेपालमा आर्जन गरेको पैसा विदेशमा लैजाने र पुँजी पलायन गर्ने प्रवृत्तिलाई रोक्न सकिएको छैन । यी समस्या समाधानका लागि विद्यमान कर प्रणालीमा पुनर्संरचना अति आवश्यक छ,' रोका भन्छन् ।

संघीयता कार्यान्वयनपश्चात् विकासका अवसर सहर केन्द्रित भएका छन्, जसले ग्रामीण क्षेत्रहरूमा वित्तीय असमानता र विकास अन्तर बढाएको छ । ग्रामीण क्षेत्रहरूमा पहुँच र सेवा प्रवाहको अभावले गर्दा आर्थिक समृद्धिमा अवरोध आएको छ । संविधान जारी भएपछि शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रमा केही सुधार भएको, मानव विकास सूचकांकमा नेपालले आफ्नो अवस्थामा सुधार गरेको, प्रतिव्यक्ति आय बढेकोजस्ता सुधार देखिए पनि विकासमा सन्तुलन भने कायम हुन नसकेको डा. अधिकारी बताउँछन् । 'प्रादेशिक, क्षेत्रीय, भौगोलिक दृष्टिकोणबाट समान विकास हुन सकेको छैन । अहिले काठमाडौंमा प्रतिव्यक्ति आय अमेरिकी डलर तीन हजार ४०० हुँदा मधेस प्रदेशमा अमेरिकी डलर ८०० हाराहारीमात्रै छ । बहुआयामिक गरिबीका दृष्टिकोणले पनि मधेस र सुदूरपश्चिम प्रदेश निकै पछाडि छन् । यो असन्तुलनले संविधानले राखेको सामाजिक न्याय र समतामूलक समाज निर्माणको लक्ष्य पूर्ति गर्नमा समस्या सिर्जना गर्छ,' उनले भने ।

यसरी नेपालको संविधान, २०७२ पछि नेपालले आर्थिक प्रणालीमा संघीयता र वित्तीय विकेन्द्रीकरणको अवधारणामार्फत परिवर्तनको खाका त कोरेको छ, तर प्रभावकारी कार्यान्वयनका लागि अझै धेरै चुनौतीको सामना गर्नुपरेको छ । वित्तीय स्रोतहरूको अभाव, दक्ष जनशक्तिको कमी, र राजनीतिक अस्थिरता जस्ता समस्याहरू समाधान नगरिँदासम्म संविधानले परिकल्पना गरेको आर्थिक समृद्धि हासिल गर्न कठिन हुने देखिन्छ । मुलुकको अर्थतन्त्रको समग्र आकार, सरकारको आय तथा व्यय रकम, बाह्य क्षेत्रलगायत सूचकहरूमा केही सुधार भएका छन् भने सार्वजनिक ऋण, व्यापार घाटालगायत सूचकहरू झन् खराब स्थितिमा पुगिरहेका छन् । कूल गार्हस्थ उत्पादनको आकार करिब ५७ खर्ब पाँच अर्ब रूपैयाँ पुग्दा सार्वजनिक ऋण २४ खर्ब रूपैयाँ नाँघेको छ ।

सरकारले पुँजीगत शीर्षकमा छुट्याउने खर्चको तुलनामा सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा खर्च हुने वित्तीय व्यवस्था शीर्षकको बजेट बढी देखिन थालिसकेको छ ।

अर्थतन्त्रमा अपेक्षित सुधार देखिन नसक्नुमा २०७२ वैशाख १२ को विनासकारी भूकम्प, कोभिड-१९ महामारीलगायत विभिन्न कारणहरूलाई पनि जिम्मेवार मान्न सकिन्छ । अर्थतन्त्र सुधारका लागि केही नीतिगत, प्रणालीगत र प्रक्रियागत प्रयासको थालनी भए पनि नतिजा भने औसतभन्दा कमजोर छ । यसरी अर्थतन्त्रका विविध क्षेत्रहरूको स्थिति, परिवर्तन, प्रवृत्ति, उपलब्धिहरूका मूल्यांकन तथा क्षेत्रगत समस्या र चुनौतीको विश्लेषण गर्दा सन्तोष गर्नसक्ने पर्याप्त ठाउं देखिन्न । मुलुकमा राजनीतिक स्थायित्व कायम गरी उपलब्ध सम्भावना तथा अवसरलाई पूर्णरूपमा सदुपयोग गर्दै समग्र अर्थतन्त्रलाई माथि उठाउनु आजको मुख्य आवश्यकता हो । *रासस*

# अनशनरत सिलवालको जीवनरक्षाका लागि पत्राचार

**काठमाडौं (प्रस)**– राष्ट्रिय मानवअधिकार आयोगले आमरण अनशनमा रहेका दीपक सिलवालको अवस्थाबारे अनुगमन गरी जीवनरक्षाका लागि गृह मन्त्रालयलाई पत्राचार गरेको छ ।

प्रसव पीडामा परेका महिला र ज्यान जोखिममा रहेका ग्रामीण भेगका नागरिकको स्वास्थ्योपचार गर्न आपत्कालीन हेली उद्धार गरिपाउँ भनी गत भदौ २१ गतेदेखि काठमाडौंको शान्ति बाटिकामा आमरण अनशनमा रहेका तेह्रथुमको फेदाप-५ का ४२ वर्षीय दीपक सिलवालको स्वास्थ्य अवस्था सम्बन्धमा आयोगले अनुगमन गरी उक्त पत्राचार गरेको हो ।

आयोगका प्रवक्ता टीकाराम पोखरेलले सिलवालको जीवनरक्षाका लागि बुधबार नै गृह मन्त्रालयलाई पत्राचार गरेको जानकारी दिए ।

'अनुगमनका क्रममा निज सिलवालको स्वास्थ्यस्थिति कमजोर बन्दै गएको पाइएकाले निजको स्वास्थ्योपचारसहित जीवनरक्षाका लागि आयोगले बुधबार नै गृह मन्त्रालयका साथै जिल्ला प्रशासन कार्यालय, काठमाडौं र प्रहरी परिसर भद्रकाली काठमाडौंलाई समेत पत्राचार गरिएको छ,' उनले भने ।


## कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०५/.. गते)

यस परिचित बचत तथा ऋण सहकारी संस्था लि.ले तपसिलमा उल्लेखित तपाईहरु ऋणीले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको सहकारीलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज आदि चुक्ता, भुक्तानी गर्न आउन तपाईहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र सहकारीमा उपस्थित भई तपाई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ । अन्यथा, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र संस्थाको ऋण नीतिमा सहकारी कर्जा असुली एवम् धितो गैह्र बैंकिङ सम्पत्ति विक्री कार्य विधि लगाएत प्रचलित कानुन बमोजिम सम्वन्धित ऋणीलाई कर्जा सूचना लिमिटेडको कालो सूचिमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाईने कुरा यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

### तपशिल

| क्र.सं. | ऋणीको नाम र ठेगाना | जमानी कर्ताहरूको नाम ठेगान | | |
|---|---|---|---|---|
| १ | नामः निम बहादुर पौड्याल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः सूर्यविनायक न.पा. वडा नं. ५,भक्तपुर ।<br>बुवाको नाम : हरिलाल पौड्याल<br>बाजेको नाम : कालिदास पौड्याल<br>ना.प्र.प.नं.: ३६४१८७३२<br>जारी मिति र जिल्ला : २०४५/१२/१४, सर्लाही | क) नामः मेनुका दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालको ठेगानाः जोरपाटी काठमाडौं<br>बाबुको नामः शान्तिराज सुवेदी<br>बाजेको नामः काशीनाथ सुवेदी<br>ना.प्र.प. नं. १९३६४११०८९७<br>जारी मिति र जिल्लाः २०५२/०६/२६, सर्लाही | ख) नामः स्व.शेर बहादुर पौडेल<br>स्थायी ठेगानाः ल.पु. म.न.पा. वडा नं. ४, बागडोल<br>बाबुको नामः नारायणप्रसाद पौडेल<br>बाजेको नामः हरिलाल उपाध्याय<br>ना.प्र.प. नं. २०६९७<br>जारी मिति र जिल्लाः २०४३/०८/३०, ललितपुर | ग) नामः साजन पौडेल<br>स्थायी ठेगानाःललितपुर म.न.पा. वडा नं.४, बागडोल<br>बाबुको नामः शेर बहादुर पौडेल<br>बाजेको नामः नारायणप्रसाद पौडेल<br>ना.प्र.प. नं. २८/०१/०६६(०३८३१<br>जारी मिति र जिल्लाः २०६६/०६/२२, ललितपुर |
| २ | नामः मेनुका दाहाल<br>स्थायी ठेगाना : धुकौंली वडा नं. ८, सर्लाही<br>हाल : जोरपाटी, काठमाडौं ।<br>बुवाको नाम : शान्तिराज सुवेदी<br>बाजेको नाम : काशीनाथ सुवेदी<br>ना.प्र.प.नं. १९३६४११०८९७<br>जारी मिति र जिल्ला : २०५२/०६/२६, सर्लाही | क) नामः निम बहादुर पौड्याल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः सूर्यविनायक न.पा. वडा नं. ५, भक्तपुर ।<br>बुवाको नामः हरिलाल पौड्याल<br>बाजेको नामः कालिदास पौड्याल<br>ना.प्र.प.नं. ३६४१८७३२<br>जारी मिति र जिल्लाः २०४५/१२/१४, सर्लाही | ख) नामः स्व.शेर बहादुर पौडेल<br>स्थायी ठेगानाः ल.पु. म.न.पा. वडा नं. ४, बागडोल<br>बाबुको नामः नारायणप्रसाद पौडेल<br>बाजेको नामः हरिलाल उपाध्याय<br>ना.प्र.प. नं. २०६९७<br>जारी मिति र जिल्लाः २०४३/०८/३०, ललितपुर | ग) नामः साजन पौडेल<br>स्थायी ठेगानाःललितपुर म.न.पा. वडा नं.४, बागडोल<br>बाबुको नाम : शेर बहादुर पौडेल<br>बाजेको नाम : नारायणप्रसाद पौडेल<br>ना.प्र.प. नं. २८-०१-०६६-०३८३१<br>जारी मिति र जिल्लाः २०६६/०६/२२, ललितपुर |
| ३ | नामः लोकनाथ दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं ।<br>बुवाको नामः ईश्वरीप्रसाद दाहाल<br>बाजेको नामः श्रीकान्त दाहाल<br>ना.प्र.प.नं. ३६४१६६५८<br>जारी मिति र जिल्लाः २०४२/०१/२४, सर्लाही | क) नामः स्व. शेर बहादुर पौडेल<br>स्थायी ठेगानाः ल.पु.म.न.पा. वडा नं. ४,बागडोल<br>बाबुको नामः नारायणप्रसाद पौडेल<br>बाजेको नामः हरिलाल उपाध्याय<br>ना.प्र.प. नं. २०६९७<br>जारी मिति र जिल्लाः२०४३/०८/३०,ललितपुर | ख) नामः आशिष दाहाल<br>स्थायी ठेगानाः हरिवन वडा नं. ७, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं<br>बाबुको नामः लोकनाथ दाहाल<br>बाजेको नामः ईश्वरीप्रसाद दाहाल<br>ना.प्र.प. नं. १९-०२-७२-०१२५६<br>जारी मिति र जिल्लाः २०७२/०३/१६, सर्लाही | ग) नामः आग्नेशा दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं<br>बाबुको नामः लोकनाथ दाहाल<br>बाजेको नामः ईश्वरीप्रसाद दाहाल<br>ना.प्र.प. नं. १९-२०८८-९१३<br>जारी मिति र जिल्लाः २०६९/०२/१७, सर्लाही |
| ४ | नामः निर्मला पौड्याल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः सूर्यविनायक न.पा. वडा नं. ५, भक्तपुर ।<br>बुवाको नामः कृष्णबहादुर रायमाझी<br>बाजेको नामः ज्ञानबहादुर रायमाझी<br>ना.प्र.प.नं. ३६४१०८५७<br>जारी मिति र जिल्लाः २०६०/०४/२९, सर्लाही | क) नामः उज्वल पौडेल<br>स्थायी ठेगानाः हरिवन वडा नं. ७, सर्लाही<br>बाबुको नामः निम बहादुर पौड्याल<br>बाजेको नामः हरिलाल पौड्याल<br>ना.प्र.प. नं. १९-०२-७४-०५८१५<br>जारी मिति र जिल्लाः २०७४/१२/१९, सर्लाही | ख) नामः साजन पौडेल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं.४, बागडोल<br>बाबुको नामः शेर बहादुर पौडेल<br>बाजेको नामः नारायणप्रसाद पौडेल<br>ना.प्र.प. नं. २८-०१-०६६-०३८३१<br>जारी मिति र जिल्लाः २०६६/०६/२२, ललितपुर | ग) नामः उमा खड्का<br>स्थायी ठेगानाः ललितपुर रामेछाप.न.पा. वडा नं. ३, बेथान, रामेछाप<br>हालः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बाबुको नामः रामचन्द्र खड्का<br>बाजेको नाम : ज्ञानबहादुर खड्का<br>ना.प्र.प. नं. २१-२११०४७-१७१८२<br>जारी मिति र जिल्लाः २०६७/०३/०९, रामेछाप |
| ५ | नामः उज्वल पौडेल<br>स्थायी ठेगानाः हरिवन वडा नं. ७, सर्लाही<br>हालः सूर्यविनायक ५, भक्तपुर<br>बाबुको नामः निम बहादुर पौड्याल<br>बाजेको नामः हरिलाल पौड्याल<br>ना.प्र.प. नं. १९-०२-७४-०५८१५<br>जारी मिति र जिल्लाः २०७४/१२/१९, सर्लाही | क) नामः निर्मला पौड्याल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः सूर्यविनायक न.पा. वडा नं. ५, भक्तपुर।<br>बुवाको नामः कृष्णबहादुर रायमाझी<br>बाजेको नामः ज्ञानबहादुर रायमाझी<br>ना.प्र.प.नं. ३६४१०८५७<br>जारी मिति र जिल्लाः २०६०/०४/२९, सर्लाही | ख) नामः साजन पौडेल<br>स्थायी ठेगानाःललितपुर म.न.पा. वडा नं.४, बागडोल<br>बाबुको नाम : शेर बहादुर पौडेल<br>बाजेको नाम : नारायणप्रसाद पौडेल<br>ना.प्र.प. नं. २८-०१-०६६-०३८३१<br>जारी मिति र जिल्ला : २०६६/०६/२२, ललितपुर | ग) नामः उमा खड्का<br>स्थायी ठेगानाःललितपुर रामेछाप.न.पा. वडा न .३, बेथान, रामेछाप<br>हालः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बाबुको नामः रामचन्द्र खड्का<br>बाजेको नामः ज्ञानबहादुर खड्का<br>ना.प्र.प. नं. २१-२११०४७-१७१८२<br>जारी मिति र जिल्लाः २०६७/०३/०९, रामेछाप |
| ६ | नामः आग्नेशा दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं<br>बाबुको नामः लोकनाथ दाहाल<br>बाजेको नामः ईश्वरीप्रसाद दाहाल<br>ना.प्र.प. नं. १९-२०८८-९१३<br>जारी मिति र जिल्लाः २०६९/०२/१७, सर्लाही | क) नामः लोकनाथ दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं ।<br>बुवाको नामः ईश्वरीप्रसाद दाहाल<br>बाजेको नामः श्रीकान्त दाहाल<br>ना.प्र.प.नं. ३६४१६६५८<br>जारी मिति र जिल्लाः २०४२/०१/२४, सर्लाही | ख) नामः आशिष दाहाल<br>स्थायी ठेगानाः हरिवन वडा नं. ७, सर्लाही<br>हाल : जोरपाटी, काठमाडौं<br>बाबुको नामः लोकनाथ दाहाल<br>बाजेको नामः ईश्वरीप्रसाद दाहाल<br>ना.प्र.प. नं. १९-०२-७२-०१२५६<br>जारी मिति र जिल्लाः २०७२/०३/१६, सर्लाही | ग) नामः मेनुका दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं ।<br>बुवाको नामः शान्तीराज सुवेदी<br>बाजेको नामः काशीनाथ सुवेदी<br>ना.प्र.प.नं. १९३६४११०८९७<br>जारी मिति र जिल्लाः २०५२/०६/२६, सर्लाही |
| ७ | नामः नारायणी पौडेल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बुवाको नामः कालु खत्री<br>बाजेको नामः राम बहादुर खत्री<br>ना.प्र.प.नं. ९९८०७<br>जारी मिति र जिल्लाः २०५६/०२/१८, ललितपुर | क) नामः सन्तोष पौड्याल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बाबुको नामः शेर बहादुर पौडेल<br>बाजेको नामः नारायणप्रसाद पौडेल<br>ना.प्र.प. नं. २८३३२<br>जारी मिति र जिल्लाः २०६१/०३/२४, ललितपुर | ख) नामः सृजना कुमारी रायमाझी<br>स्थायी ठेगानाः कर्मैया ५ सर्लाही<br>हालको ठेगानाः ललितपुर ४, बागडोल<br>बाबुको नामः जङ्ग बहादुर रायमाझी<br>बाजेको नामः मान बहादुर रायमाझी<br>ना.प्र.प. नं. ५४९८०९२४<br>जारी मिति र जिल्लाः २०६२/०५/१९, ललितपुर | ग) नामः साजन पौडेल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं.४, बागडोल<br>बाबुको नामः शेर बहादुर पौडेल<br>बाजेको नामः नारायणप्रसाद पौडेल<br>ना.प्र.प. नं. २८-०१-०६६-०३८३१<br>जारी मिति र जिल्लाः २०६६/०६/२२, ललितपुर |
| ८ | नामः सन्तोष पौड्याल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बुवाको नामः शेर बहादुर पौड्याल<br>बाजेको नामः नारायण प्रसाद पौड्याल<br>ना.प्र.प.नं. २८३३२<br>जारी मिति र जिल्लाः २०६१/०३/२४, ललितपुर | क) नामः उमा खड्का<br>स्थायी ठेगानाः ललितपुर रामेछाप.न.पा. वडा नं. ३, बेथान, रामेछाप<br>हालः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बाबुको नामः रामचन्द्र खड्का<br>बाजेको नामः ज्ञानबहादुर खड्का<br>ना.प्र.प. नं. २१-२११०४७-१७१८२<br>जारी मिति र जिल्लाः २०६७/०३/०९, रामेछाप | ख) नामः सृजना कुमारी रायमाझी<br>स्थायी ठेगानाः कर्मैया ५ सर्लाही<br>हालको ठेगानाः ललितपुर ४, बागडोल<br>बाबुको नामः जङ्ग बहादुर रायमाझी<br>बाजेको नामः मान बहादुर रायमाझी<br>ना.प्र.प. नं. ५४९८०९२४<br>जारी मिति र जिल्ला : २०६२/०५/१९, सर्लाही | ग) नामः नारायणी पौडेल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बुवाको नामः कालु खत्री<br>बाजेको नामः राम बहादुर खत्री<br>ना.प्र.प.नं. ९९८०७<br>जारी मिति र जिल्लाः २०५६/०२/१८, ललितपुर |
| ९ | नामः सृजना कुमारी रायमाझी<br>स्थायी ठेगानाः कर्मैया ५, सर्लाही<br>हालको ठेगानाः ललितपुर ४, बागडोल<br>बाबुको नामः जङ्ग बहादुर रायमाझी<br>बाजेको नामः मान बहादुर रायमाझी<br>ना.प्र.प. नं. ५४९८०९२४<br>जारी मिति र जिल्लाः २०६२/०५/१९, सर्लाही | क) नामः साजन पौडेल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं.४, बागडोल<br>बाबुको नामः शेर बहादुर पौडेल<br>बाजेको नामः नारायणप्रसाद पौडेल<br>ना.प्र.प. नं. २८-०१-०६६-०३८३१<br>जारी मिति र जिल्लाः २०६६/०६/२२, ललितपुर | ख) नामः उमा खड्का<br>स्थायी ठेगानाः ललितपुर रामेछाप.न.पा. वडा नं.३, बेथान, रामेछाप<br>हालः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बाबुको नामः रामचन्द्र खड्का<br>बाजेको नामः ज्ञानबहादुर खड्का<br>ना.प्र.प. नं. २१-२११०४७-१७१८२<br>जारी मिति र जिल्लाः २०६७/०३/०९, रामेछाप | ग) नामः नारायणी पौडेल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बुवाको नामः कालु खत्री<br>बाजेको नामः राम बहादुर खत्री<br>ना.प्र.प.नं. ९९८०७<br>जारी मिति र जिल्लाः २०५६/०२/१८, ललितपुर |
| १० | नामः आशिष दाहाल<br>स्थायी ठेगानाः हरिवन न.पा. वडा नं. ७, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं<br>बाबुको नामः लोकनाथ दाहाल<br>बाजेको नामः ईश्वरीप्रसाद दाहाल<br>ना.प्र.प. नं. १९-०२-७२-०१२५६<br>जारी मिति र जिल्लाः २०७२/०३/१६, सर्लाही | क) नामः लोकनाथ दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं ।<br>बुवाको नामः ईश्वरीप्रसाद दाहाल<br>बाजेको नामः श्रीकान्त दाहाल<br>ना.प्र.प.नं. ३६४१६६५८<br>जारी मिति र जिल्लाः २०४२/०१/२४, सर्लाही | ख) नामः आग्नेशा दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं<br>बाबुको नामः लोकनाथ दाहाल<br>बाजेको नामः ईश्वरीप्रसाद दाहाल<br>ना.प्र.प. नं. १९-२०८८-९१३<br>जारी मिति र जिल्लाः २०६९/०२/१७, सर्लाही | ग) नामः मेनुका दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं ।<br>बुवाको नामः शान्तीराज सुवेदी<br>बाजेको नामः काशीनाथ सुवेदी<br>ना.प्र.प.नं. १९३६४११०८९७<br>जारी मिति र जिल्ला : २०५२/०६/२६, सर्लाही |
| ११ | नामः साजन पौडेल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं.४, बागडोल<br>बाबुको नामः शेर बहादुर पौडेल<br>बाजेको नामः नारायणप्रसाद पौडेल<br>ना.प्र.प. नं. २८-०१-०६६-०३८३१<br>जारी मिति र जिल्लाः २०६६/०६/२२, ललितपुर | क) नामः सन्तोष पौड्याल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं.४, बागडोल<br>बाबुको नामः शेर बहादुर पौड्याल<br>बाजेको नामः नारायणप्रसाद पौड्याल<br>ना.प्र.प. नं. २८३३२<br>जारी मिति र जिल्लाः २०६१/०३/२४, ललितपुर | ख) नामः नारायणी पौडेल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बुवाको नामः कालु खत्री<br>बाजेको नामः राम बहादुर खत्री<br>ना.प्र.प.नं. ९९८०७<br>जारी मिति र जिल्लाः २०५६/०२/१८, ललितपुर | ग) नामः निर्मला पौड्याल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः सूर्यविनायक न.पा. वडा नं. ५, भक्तपुर।<br>बुवाको नामः कृष्णबहादुर रायमाझी<br>बाजेको नामः ज्ञानबहादुर रायमाझी<br>ना.प्र.प.नं. ३६४१०८५७<br>जारी मिति र जिल्लाः २०६०/०४/२९, सर्लाही |
| १२ | नामः उमा खड्का<br>स्थायी ठेगानाः ललितपुर रामेछाप न.पा. वडा नं.३, बेथान, रामेछाप<br>हालः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बाबुको नामः रामचन्द्र खड्का<br>बाजेको नामः ज्ञानबहादुर खड्का<br>ना.प्र.प. नं. २१-२११०४७-१७१८२<br>जारी मिति र जिल्ला : २०६७/०३/०९, रामेछाप | क) नामः सन्तोष पौड्याल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बाबुको नामः शेर बहादुर पौड्याल<br>बाजेको नामः नारायणप्रसाद पौड्याल<br>ना.प्र.प. नं. २८३३२<br>जारी मिति र जिल्लाः २०६१/०३/२४, ललितपुर | ख) नामः नारायणी पौडेल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं. ४, बागडोल<br>बुवाको नामः कालु खत्री<br>बाजेको नामः राम बहादुर खत्री<br>ना.प्र.प.नं. ९९८०७<br>जारी मिति र जिल्लाः २०५६/०२/१८, ललितपुर | ग) नामः सृजना कुमारी रायमाझी<br>स्थायी ठेगानाः कर्मैया ५ सर्लाही<br>हालको ठेगानाः ललितपुर ४, बागडोल<br>बाबुको नामः जङ्ग बहादुर रायमाझी<br>बाजेको नामः मान बहादुर रायमाझी<br>ना.प्र.प. नं. ५४९८०९२४<br>जारी मिति र जिल्लाः २०६२/०५/१९, सर्लाही |
| १३ | नामः स्व. शेर बहादुर पौडेल<br>स्थायी ठेगानाः ललितपुर म.न.पा. वडा नं.४, बागडोल<br>बाबुको नामः नारायणप्रसाद पौडेल<br>बाजेको नामः हरिलाल उपाध्याय<br>ना.प्र.प. नं. २०६९७<br>जारी मिति र जिल्लाः २०४३/०८/३०, ललितपुर | क) नामः लोकनाथ दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः जोरपाटी, काठमाडौं ।<br>बुवाको नामः ईश्वरीप्रसाद दाहाल<br>बाजेको नामः श्रीकान्त दाहाल<br>ना.प्र.प.नं. ३६४१६६५८<br>जारी मिति र जिल्लाः २०४२/०१/२४, सर्लाही | ख) नामः निम बहादुर पौड्याल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः सूर्यविनायक न.पा. वडा नं. ५, भक्तपुर।<br>बुवाको नामः हरिलाल पौड्याल<br>बाजेको नामः कालिदास पौड्याल<br>ना.प्र.प.नं. ३६४१८७३२<br>जारी मिति र जिल्लाः २०४५/१२/१४, सर्लाही | ग) नामः मेनुका दाहाल<br>स्थायी ठेगानाः धुकौंली वडा नं. ८, सर्लाही<br>हालः सूर्यविनायक न.पा. वडा नं. ५, भक्तपुर।<br>बुवाको नामः हरिलाल पौड्याल<br>बाजेको नामः कालिदास पौड्याल<br>ना.प्र.प.नं. ३६४१८७३२<br>जारी मिति र जिल्लाः २०४५/१२/१४, सर्लाही |

**धितो सुरक्षणको विवरण**: माथि उल्लेखित १३ जना ऋणीहरुको नाममा संयुक्त रुपमा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला दधिकोट गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं १६८२ र ८६३ को क्षेत्रफल क्रमशः ८-१३-१-० र ५-१५-०-० जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

**परिचित बचत तथा ऋण सहकारी संस्था लि.**
ललितपुर १३ कुसुन्ती फोन नं. ०१-५१९३१५८



## साउदीमा रोजगार

कम्पनी : White Bird Contracting Company

पूर्व स्वीकृति मिति २०८१/०६/०२ LT. No. 310932 चलानी नं. ६०२२५४६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 26 | 0 | 1800 | ६४,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक १२८ भदौ १२ गते २०८१ मा प्रकाशित Green Light Overseas Pvt. Ltd को Lot No. 295235 को Raj Rocks L.L.C. कम्पनीको विज्ञापनमा **युएईमा रोजगारको अवसर तथा** Light Vehicle Driver **को मासिक तलब ने.रु.** ५४,७७० (AED 1500) र Miner **को मासिक तलब ने.रु.** २९,२१० (AED 800) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**GREEN LIGHT OVERSEAS PVT. LTD** श्रम इजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, 9851358431
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np



## कुवेतमा रोजगार

कम्पनी : AL-RABEEA AL-DAEM AGRICULTURAL CONTRACTING CO./ KLAIB BADDAH ALMUTAIRI & PARTNERS

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ LT. No. 311046 चलानी नं. ६०२२५५३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Labour | 50 | 0 | 95 | ४१,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**
श्रम इजाजत नं. १४६५/०७४/०७५
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

स्थानीय तह उपनिर्वाचन

# असोज १० देखि १६ सम्म दल दर्ता

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आसन्न स्थानीय तह उपनिर्वाचनका लागि कार्यतालिका स्वीकृत गरेको छ । उपनिर्वाचनलाई व्यवस्थितरूपले सञ्चालन गर्न आयोग र अन्तर्गतका कार्यालयले सम्पादन गर्ने कार्यलाई समयबद्धरूपमा समावेश गरी कार्यतालिका स्वीकृत गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाले जानकारी दिए ।

कार्यतालिकाअनुसार यही असोज ९ गते निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको सूचना प्रकाशित गरी असोज १० देखि १६ सम्म दल दर्ता र २० गते दल दर्ता स्वीकृत हुने छ । यस्तै निर्वाचनसम्बन्धी निर्देशिका, कार्यविधि, मापदण्ड तथा आचारसंहिता तयारी गर्ने, निर्वाचन सामग्री, जनशक्ति व्यवस्थापन, मतदाता शिक्षा, तालिम तथा क्षमता विकासलगायतका कार्यक्रम सञ्चालन गर्ने आयोगले जनाएको छ ।

आगामी कात्तिक २६ गते मतदाताको अन्तिम नामावली प्रकाशन गर्ने तथा मतदानस्थल निर्धारण, कात्तिक ३० गते निर्वाचन अधिकृतको कार्यालय स्थापना, आगामी मंसिर २ देखि निर्वाचन कार्यक्रम सञ्चालन र मंसिर १६ गते मतदान हुने छ ।

# मुख्यमन्त्री कार्कीले पाए विश्वासको मत

**विराटनगर (प्रस)–** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत प्राप्त गरेका छन् । प्रदेशसभाको बुधबारको बैठकमा मुख्यमन्त्री कार्कीले राखेको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा ६६ र विपक्षमा १५ मत परेको थियो । प्रदेशसभाको ९३ सदस्यमध्ये ८३ जना बैठकमा उपस्थित थिए । विश्वासको मत प्रक्रियामा दुई प्रदेशसभा सदस्य तटस्थ रहेको र बाँकी अनुपस्थित रहेको सभामुख अम्बरबहादुर विष्टले जानकारी दिए ।

नेकपा माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि कार्कीले दोस्रोपटक विश्वासको मत लिएका हुन् । माओवादीले गत भदौ १४ गते समर्थन फिर्ता लिएको थियो । सत्ता गठबन्धन परिवर्तन भएपछि कोशी प्रदेशमा नेकपा एमाले नेतृत्वको सरकारमा नेपाली कांग्रेस सहभागी भएको छ । कोशी प्रदेशसभामा एमालेका ४०, कांग्रेसका २९, नेकपा माओवादी केन्द्रका १३, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का छ, नेकपा एकीकृत समाजवादीका चार र जता समाजवादी पार्टी (जसपा)का एक सदस्य छन् ।

गत वैशाख २७ गते मुख्यमन्त्री नियुक्त भएका कार्कीले पहिलोपटक वैशाख ३१ गते विश्वासको मत लिएका थिए ।

# शैक्षिक प्रणाली सुधार गर्नुपर्नेमा शिक्षामन्त्रीको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शैक्षिक प्रणालीलाई सुधार गर्नुपर्नेमा जोड दिएकी छन् । राष्ट्रिय शिक्षा दिवसको अवसरमा बुधबार यहाँ आयोजित एक कार्यक्रममा उनले शिक्षकको कार्यसम्पादन मूल्यांकनलाई विद्यार्थीको नतिजासँग जोड्नुपर्ने बताइन् ।

नमूना बनाएका विद्यालयको नतिजा खस्कँदै गएको उनको भनाइ छ । 'हामीले नै नमूना बनाएका विद्यालयको नतिजा खस्कँदै जानुमा हामीबाहेक अरू जिम्मेवार छैन । यसको गम्भीर समीक्षा गर्दै शैक्षिक प्रणालीलाई सुधार गर्न हामी तयार छौं,' उनले भनिन् । उनले विद्यालय शिक्षा ऐन छिटो पारित गर्न पहल गरिरहेको बताइन् । मन्त्री भट्टराईले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ कार्यान्वयन गर्न कार्यान्वयन ढाँचा तयार गरेको जानकारी दिइन् ।

'स्थानीय विद्यालय नक्सांकन गरी विद्यालयको सेवा क्षेत्र तोक्न तथा स्थानीय तहभित्रका बालबालिकाको आधारभूत शिक्षासम्म पहुँचको अवस्था यकीन गर्न कार्यान्वयन ढाँचा विकास गरिएको हो,' उनले भनिन्, 'यसअनुसार स्थानीय तहबाट शिक्षा योजना निर्माण गर्ने तथा तीनै तहका सरकार र गैरसरकारी क्षेत्रसँग साझेदारीको ढाँचा विकास गरी शिक्षा कोषको स्थापना गरेर शिक्षा प्राप्तिको हकलाई प्रभावकारी बनाइने छ ।'

नेपालको संविधान, २०७२ को प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । उक्त संकल्पलाई व्यवहारमा परिणत गर्न महिला र पुरुषबीच सबैखाले विभेद अन्त्य गर्ने गरी संविधान संशोधन गर्न आवश्यक भइसकेको छ । *रासस*

## नवौं संविधान दिवस

### 'जनस्तरबाट उठेका प्रश्नको ख्याल गरिनुपर्छ'



■ गोपालकृष्ण घिमिरे
अध्यक्ष, नेपाल बार एसोसिएसन

नेपालको वर्तमान संविधान जारी भएको नौ वर्ष भयो । संविधान गतिशील दस्तावेज भएकाले सोहीअनुरूप यो संशोधन र परिमार्जन हुनुपर्छ । सामाजिक अभियानकर्मीको साझा संस्था नेपाल बारले न्यायपालिकाको सन्दर्भ जोडेर राष्ट्रिय सम्मेलनबाट संविधान संशोधनको प्रस्तावलाई पारित गरिसकेको छ । त्यसमा न्यायालय र न्याय परिषद्को पुनःसंरचना, थप शक्तिशाली र अधिकारसम्पन्न उच्च अदालत, बेग्लै संवैधानिक इजलास तथा सर्वोच्च अदालतमा एउटै न्यायाधीश लामो समयसम्म रहने व्यवस्थाको अन्त्यलगायत आठ संशोधनको विषय उठाइएको छ ।

व्यवस्थापिकातर्फ पनि नियमित संसद् सञ्चालन र कानुन निर्माणलाई तीव्रता दिनुपर्नेमा त्यस्तो नभएको अवस्था छ । संसद्को मुख्य जिम्मेवारी र कर्तव्य भनेकै संविधानअनुरूप समयमै कानुन निर्माण हो । एउटा अधिवेशनभित्र दर्जनौं कानुन निर्माण गर्नुपर्नेमा वर्ष दिनभित्र एउटा मात्र कानुन बनेको सुनिन्छ । अर्कातर्फ आर्थिक विकास र अन्य कुरालाई संविधानसँग जोडेर हेरिनु युक्तिसंगत हुँदैन । संविधान निर्माणपछि तत्तत् क्षेत्रमा गर्नुपर्ने काम भए भएनन्, हेरिनुपर्छ, मूल्यांकन हुनुपर्छ । त्यसैले निश्चित अवधिपछि संविधानलाई जनताको आवश्यकतानुसार पुनरवलोकन गरिनुपर्छ भन्ने हाम्रो धारणा हो । त्यसका लागि हामीले सरकार, संसद् र न्यायपालिकालाई सहयोग र सुझाव दिँदै आएका छौं ।

जनमानसमा न्याय खर्चिलो भयो भन्ने पनि सुनिएको छ । अर्कातर्फ फैसला चित्त नबुझेमा माथिल्लामा पुनरावेदनका लागि बिगो र जरिवाना नतिरेसम्म जान नपाइने व्यवस्थाले नागरिकको पुनरावेदन अधिकार प्रयोग गर्न पाउनुपर्ने अधिकारमा प्रश्न उठेको छ । यसको बढी मारमा उद्योगी-व्यवसायी परेका छन् । राज्यले उनीहरूलाई नियमन गर्नुपर्छ, निषेध होइन । देशलाई समृद्ध बनाउन उनीहरूलाई संरक्षण गर्नुपर्छ ।

नेपाल बारले असहायका लागि बहस पैरवीको सेवा उपलब्ध गराउँदै आएको छ । यस पवित्र कार्यमा एक हजार ३०० कानुन व्यवसायी समेटिएका छन् । अदालतका फैसला कार्यान्वयन पनि चुस्तदुरुस्त हुनुपर्छ । कार्यपालिकाले फैसला कार्यान्वयनमा उचित समन्वय र सहयोग हुनुपर्छ । पीडितलाई न्याय पाएको अनुभूति हुनुपर्छ । कानुन कार्यान्वयन गर्ने सिलसिलामा सबै आ-आफ्ना ठाउँमा उभिनुपर्छ । मुलुकमा रहेका तीन तहका सरकारबीचमा सहयोग र समन्वय हुनुपर्छ । एकै खालका कानुन निर्माण गर्नुपर्छ । करका दरमासमेत स्थानीय तह र प्रदेशमा फरक परेको देखिन्छ, त्यसो भएमा जनतालाई ठूलो मर्का पर्छ ।

स्थानीय तहमा पालिका उपप्रमुखको नेतृत्वमा न्यायिक अधिकार प्रदान गर्ने संयन्त्र छ । पालिकामा हुने सामान्य झैझगडा र ससाना विवादको मेलमिलाप त्यहीं हुन्छ, माथि जानु नपर्ने अवस्था छ । न्यायिक निरूपणमा राजनीतिक रङ वा गन्ध देखिएमा न्याय प्रभावित हुने र मर्ने सम्भावना रहन्छ । सामान्य विवाद मिलाउनेबाहेक फैसला गर्नुपर्ने भएमा न्याय अधिकारीबाटै हुनुपर्छ भन्ने मान्यता छ । यसमा सबै स्पष्ट र सचेत हुनुपर्छ ।

सात प्रदेशसहित मुलुकका १८ उच्च अदालतलाई अभिलेख अदालतका रूपमा विकास गर्नुपर्छ र केही मुद्दाको अन्तिम फैसला गर्ने अधिकार दिइनुपर्छ । सर्वोच्च अदालतमा रहिआएको मुद्दाको चाप घटाउन यसले सहयोग पुर्‍याउँछ । सर्वोच्च अदालतप्रति सम्मान बढाउने कार्यमा जोडबल हुनुपर्छ । अहिले सर्वोच्च अदालतमा १० वर्ष अवधि कटेका मुद्दा छैनन् । सक्षम जनशक्ति तयार गरी कार्यान्वयन तहलाई प्रभावकारी तुल्याउन सकिएमा परिणाम राम्रो निकाल्न सकिन्छ ।

अदालतमा गोलाप्रथाद्वारा मुद्दा हेर्ने परिपाटी विकास भएको छ । यसले न्यायालयप्रति उठेका टीकाटिप्पणी अन्त्य गरेको छ । न्यायाधीशको प्रत्येक वर्ष सम्पत्तिको मूल्यांकन गरिने चलन पनि अघि बढाइनुपर्छ । संवैधानिक अदालतमा प्रधानन्यायाधीश रहनुहुन्न भन्ने नेपाल बारको भनाइ छ । न्याय परिषद्को भूमिका र न्यायाधीश नियुक्तिलाई व्यवस्थित गरिनुपर्छ । निर्वाचन प्रणालीलाई सुधार गरी संसद्लाई प्रभावकारी बनाउनुपर्छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र मितव्ययी बनाउन जनस्तरबाट उठेका प्रश्न संविधान सशोधनका बेला ख्याल गरिनुपर्छ । विधायक कानुन निर्माण र संशोधनसँग जोडिएको पद हो । उसको मुख्य जिम्मेवारी संसद्लाई निरन्तर चलाउनु हो ।

### 'संविधानमा पुनरवलोकन आवश्यक छ'



■ लक्ष्मणलाल कर्ण
पूर्वमन्त्री एवं संविधानविद्

जुन बेला संविधान निर्माण भइरहेको थियो, त्यस बेला सरकार छिटो फेरबदल हुने क्रम चलिरहेको थियो । पाँच वर्षे कार्यकालमा सरकार पूरा चल्नुहुन्न भन्नेमा दलहरूबीच एक किसिमको सहमति बन्यो । जो सरकारमा जान्छ, पूरा अवधि चलाओस्, अवरोध नहोस् भन्ने मनसायका साथ कम्तीमा दुई वर्ष प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन नपाउने व्यवस्था गरियो । तथापि दलहरू त्यो भावनानुरूप चल्न सकेनन् । मुलुकमा हाल सुधारिएको संसदीय व्यवस्था अभ्यासमा छ । यस व्यवस्थामा प्रधानमन्त्रीलाई संसद् भंग गर्ने र अविश्वासको प्रस्ताव राख्न पाउने अधिकार भए पनि राजनीतिक स्थायित्व प्राप्त गरी मुलुकलाई समृद्धितर्फ लैजान सकियोस् भन्ने ध्येयले दुई वर्ष अविश्वासको प्रस्ताव ल्याउन नपाइने गरी प्रतिबन्ध लगाइएको थियो ।

वर्तमान संविधानमा धेरै मौलिक अधिकार कल्पना गरिएको छ । यति अधिकारसहित मौलिक हकको व्यवस्था विश्वका संविधानमा कमै पाइन्छ । मजदुरलाई हड्ताल गर्न पाउनेसम्मका अधिकारको व्यवस्था संविधानमै दिइएको छ। देशको विविधतालाई सम्बोधन गर्न सकियोस् भनी समानुपातिक-समावेशिताको व्यवस्था गरिएको छ । त्यस्तै ३३ प्रतिशत महिलाको उपस्थिति राज्यका सबै तह र तप्कामा हुने व्यवस्था छ । अहिले तीन तहमै महिलाको प्रशस्त उपस्थिति छ । विश्वका विकसित मुलुकमा पनि अहिलेसम्म यस्तो पाइँदैन । उनीहरू यस्तो प्रावधान पुर्‍याउने कोसिसमा छन् । संविधानमा यस्ता व्यवस्था समावेश गरिए पनि केही कमजोरी भने हुन गयो । जनान्दोलनका बलमा स्थापित अन्तरिम सरकारले ल्याएको संविधानले स्वामित्व ग्रहण गरिसकेको आदिवासी, जनजाति, मधेसी, दलित र मुसलमानको विशेष अधिकार समावेश हुन सकेन । देश संघीयतामा गयो तर प्रदेशको अधिकार खुम्चाइयो । संविधानले कल्पना गरेअनुरूप अधिकार बाँडफाँट भएन, केन्द्रमै राखियो । संविधानको मर्म र भावनाअनुरूप निजामती र प्रहरी कानुन छिटो बनाएर त्ससम्बन्धमा प्रदेशलाई जिम्मा दिन अलमल गरियो । त्यसमा अहिले पनि बराबर विवाद चलिरहेको छ । जन्मसिद्ध नागरिकका छोराछोरीहरूलाई नागरिकता प्रमाणपत्र दिन भर्खर नयाँ व्यवस्था भएको छ । यसले केही हदसम्म समस्या समाधान भए पनि विवाहित विदेशी महिलासँग जोडिएको विषय बाँकी नै छ ।

संविधानसभाबाट संविधान बनाइसकेपछि दीर्घजीवी तुल्याउन निश्चित अवधिपछि पुनरवलोकन गरिनुपर्छ । समयानुसार संविधानका अव्यावहारिक प्रावधान परिवर्तन गरिनुपर्छ । मुलुकमा एकै किसिमको अवस्था सधैं रहन्न । जुन संविधान सजिलोसँग संशोधन गर्न सकिन्छ, त्यो मात्रै स्थायी हुन्छ । भारतीय र अमेरिकी संविधान हेरियो भने प्रशस्त संशोधन भएको छ । यसअघिका हाम्रा संविधान संसारकै सर्वोत्कृष्ट भनिए पनि संशोधन नगरिएकाले टिक्न सकेन र अन्त्य भयो । वर्तमान संविधानलाई संशोधनमार्फत परिपक्व बनाउनुपर्छ । हालको सरकार त्यही पृष्ठभूमिमा बनेको छ । संसद्मा उपस्थित संख्याका आधारमा पनि संविधान संशोधन गर्न सरकारलाई सहज छ । हुन त संशोधनमा सबैको स्वामित्व चाहिन्छ नै, तापनि दुईतिहाइ बहुमत नजिक रहेकाले वर्तमान सरकारले गर्न सक्छ । संविधानमा रहेका केही नमिल्दा र अप्ठेरा कुरा हटाउन सुधार गरेर जानुपर्छ । सम्पूर्ण कोणबाट हेर्दा वर्तमान संविधानको अभ्यास करिब १० वर्ष भयो । अब पुनरवलोकन नितान्त आवश्यक छ । सरकारले महसुस गरी व्यावहारिक रूप दिनुपर्छ ।

# चुरे संरक्षण गर्न सेनाद्वारा वृक्षरोपण

**पर्सा (प्रस)–** नेपाली सेनाको श्रीजंग गणले पर्सा जिल्लामा पर्ने चुरे संरक्षणका लागि वृक्षरोपण अभियानको सुरुआत गरेको छ । गणले बुधबार वीरगञ्ज महानगरपालिका-३१ स्थित भेडाहा खोला आसपासको खुला ठाउँमा वृक्षरोपण गरेर चुरे क्षेत्रलाई संरक्षण गर्न लागेको हो ।

श्रीजंग गणका गणपति एवं प्रमुख सेनानी निराजन कटुवालले चुरे क्षेत्रमा वनजंगल अतिक्रमण भएकाले वृक्षरोपण गरिएको बताए । 'चुरे क्षेत्रको वनजंगल प्राकृतिक प्रकोप र मानवीय अतिक्रमणका कारणले मासिने क्रम बढिरहेको छ,' उनले भने, 'हामीले चुरे क्षेत्रलाई नजोगाउने हो भने भविष्यका सन्तती ठूलो समस्यासँग जुध्नुपर्ने हुन्छ । त्यसैले भावी पुस्ताका लागि पनि चुरे क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्न आवश्यक छ ।'

उक्त क्षेत्रमा भेडाहा खोलाले बर्सेनि धार परिवर्तन गर्ने गरेको छ । बाढीले जग्गा कटान गर्न थालेपछि सो क्षेत्र उच्च जोखिममा छ । त्यसैले उक्त क्षेत्र संरक्षण गर्नका लागि वृक्षरोपण अभियान अघि सारिएको प्रमुख सेनानी कटुवालले बताए । गणले यस पटक पाँच हजार बिरुवा रोप्न लागेको उनले जानकारी दिए ।

'चुरे संरक्षणका लागि वृक्षरोपण अभियान चलाएका छौं,' उनले भने । उनले मातहतका निकायलाई वृक्षरोपणपछि नियमितरूपमा बिरुवाको हेरचाह र संरक्षणमा ध्यान दिन निर्देशन दिए । सबैया सबडिभिजन वन कार्यालय पर्साका सहायक वन अधिकृत रामप्रवेश प्रसादले विभिन्न प्रजातिका विरुवा रोपिएको जानकारी दिए । उनका अनुसार विशेषगरी सतिसाल, अमला, सागवान, सिसौ, लहरेपिपललगायतका प्रजातिका बिरुवा रोपिएका छन् ।

# चितवन राष्ट्रिय निकुञ्जमा थपिँदै आठ छावा

**चितवन–** चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन तथा तालिम केन्द्र खोरसोरमा एकै वर्षमा आठवटा छावा (हात्तीको बच्चा) थपिने भएका छन् । यस वर्ष दुईवटा बच्चा जन्मिसकेका छन् भने छवटा जन्मिने क्रममा छन् । तालिम केन्द्रका प्रमुख मनपुरण चौधरीका अनुसार गएको जेठ १२ गते कर्णालीकलीले भाले र जेठ १६ गते हिमालीकलीले पोथी छावा जन्माएका हुन् । यही असोजभित्रमा देवीकली, तीर्थमानकली र रिमझिमकलीले बच्चा जन्माउने उनले बताए । उनका अनुसार यसै वर्षभित्र तमोरकली, लोकतन्त्रकली र चितवनकलीले बच्चा जन्माउँदै छन् ।

प्रमुख चौधरीले भने, 'एक-दुई महिना तलमाथि होला तर यसै वर्षमा आठ छावा थपिँदै छन् ।' यसअघि वि.सं. २०८० सालमा दुईवटा छावा जन्मिएका थिए । गण्डकीकली र प्रवेशकलीले छावा जन्माएका हुन् । २०७९ मा छ वटा छावा जन्माएका थिए ।

बच्चा जन्मिएको दुई महिनापछि नै हात्ती पुनःगर्भवती हुनयोग्य हुने जनाइएको छ । उनका अनुसार २२ देखि २४ महिनामा हात्तीले बच्चा जन्माउँछ । अधिकांश छावा जंगली हात्ती रोनाल्डो, गोविन्दे, ध्रुवे र मकुनाका हुन् । खोरसोर क्षेत्रमा अहिले पनि गोविन्दे र मकुना दैनिक आउने गरेको उनले जानकारी दिए ।

जन्मिएको तीन वर्षपछि हात्तीका बच्चालाई तालिम दिने गरिन्छ । चौधरीका अनुसार प्रजनन केन्द्रमा हाल ११ माउ र १० छावा छन् । वि.सं. २०४४ देखि सुरु भएको हो । वि.सं. २०५४ देखि बच्चा जन्मिन थालेका थिए । हालसम्म ६७ बच्चा जन्मिएका राष्ट्रिय निकुञ्जअन्तर्गत हात्ती प्रजनन तथा तालिम केन्द्रले जनाएको छ । यहाँ जन्मिएका छावालाई तालिम दिएर निकुञ्जका विभिन्न पोस्टमा सुरक्षार्थ परिचालन गर्ने गरिन्छ । *रासस*

# जमिन भासिएपछि पर्वत अस्पतालको निर्माणाधीन भवन अलपत्र



**पर्वत–** जिल्ला अस्पतालको निर्माणाधीन भवनमुनिको जमिन भासिएपछि विगत चार वर्षदेखि निर्माण अलपत्र छ ।

नयाँ भौतिक संरचना निर्माण गरेर १५ शयया क्षमताबाट ५० शययामा रूपान्तरण गर्ने लक्ष्यका साथ काम चलिरहेका बेला जमिन भासिएको हो । सहरी विकास कार्यालयले भवनका लागि २८ करोड रूपैयाँ विनियोजन गरेर काम थालेको थियो ।

अस्पतालमा बन्ने भवनलाई ब्लक 'ए,' 'बी,' 'सी,' 'डी' र 'ई' गरेर काम अगाडि बढेकामा जमिन भासिएपछि 'ई' ब्लकको काम पनि अधुरै छ । कालीगण्डकी नदी किनारमा रहेको भिर नजिकतर्फ रहेको 'ई' ब्लक निर्माणको काम चलिरहेका बेलामा जमिन भासिएपछि पछिल्ला चार वर्षदेखि काम अघि बढ्न नसकेको पर्वत अस्पतालले जनाएको छ ।

भवनको निर्माण चलिरहेको बेलामा भूइँतलाको भागमा 'बिम' रहेको ठाउँबाहेकको जमिन भासिँदै गएपछि भवनको काम अघि बढ्न नसकेको अस्पताल विकास समितिका अध्यक्ष शंकर गिरीले बताए ।

२०७७ असारदेखि भासिन सुरु गरेको भवनको 'बिम'हरू राखेर बाँकी रहेको ठाउँमा अन्तिम केन्द्र यकीन नै गर्न नसकिने गरी भासिएपछि काम पूर्णरूपमा ठप्प छ । यस वर्ष अरू दुई ठाउँमा जमिन भासिएको छ । भूगर्वविद्हरूले जमिन भासिनुको कारण र समाधानका उपायसहितको अध्ययन प्रतिवेदन अस्पताललाई बुझाउने भनिए पनि हालसम्म त्यो प्रतिवेदन प्राप्त नहुँदा भवनको काम अगाडि नबढेको अध्यक्ष गिरीले बताए । चार वर्ष अगाडि निर्माणाधीन भवन भासिएको र त्यसपछि कोभिडको महामारी सुरु भएकाले काम अगाडि बढ्न नसकेको उनले बताए । *रासस*

# शैक्षिक रूपान्तरणका लागि 'नानीसँगै हामी'

■ सिंगबहादुर थापा

**बरहथवा (सर्लाही)–** सर्लाहीको बागमती नगरपालिका-१२, बथनीयाकी ५० वर्षीया कृष्णकुमारी कुशवार केही दिनयता पढ्न जान थालेकी छन् । छ वर्षीया नातिनी पढ्दै गरेको विद्यालयले नातिनीका लागि तपाईंले पनि पढ्नुपर्छ भनेपछि उनी पनि पढ्न जान थालेकी हुन् ।

पढ्ने उमेरमा विभिन्न समस्याका कारण विद्यालय पढ्न नपाएकाले आफूले अक्षरसमेत चिन्ने मौका नपाएको कृष्णकुमारी बताउँछिन् । 'आफूले नपढेर दुःख पाएँ,' उनले भनिन्, 'छोराछोरी पनि पढ्न मानेनन् । उनीहरू अहिले दुःख पाउँदै छन् । नातिनातिनालाई पढाउँछु भनेको तर आफूले पनि पढ्नैपर्ने रहेछ । नातिनीलाई गृहकार्य सिकाउन जानिन्छ कि भनेर पनि पढ्न सुरु गरेकी छु ।'

कृष्णकुमारीजस्तै २३ वर्षीया रीता माझी पनि अचेल छोरीसँगै पढ्न जान थालेकी छन् । घरमा पढेलेखेको व्यक्ति नहुँदा छोरीलाई पढाउन समस्या भएकाले आफैले पढ्न थालेको उनले बताइन् । उमेर छँदै पढ्न नसकेकामा रीतालाई पछुतो छ । अब छोरीलाई उच्च शिक्षा पढाउने उनको रहर छ । नपढेकै कारण छोरीको गृहकार्य गराउन तथा सिकाउन नसकेको रीताको भनाइ छ । थोरै सिकाउन, उनीहरूले के पढिरहेका छन् भनेर बुझ्न उनीहरूले नजानेको कुरा सिकाउन पनि विद्यालय जान थालेको रीताले सुनाइन् । विपन्न सुकुम्बासी परिवारको बसोबास रहेको यस क्षेत्रका नागरिक अधिकांश निरक्षर छन् । कृष्णकुमारी र रीताजस्तै १५ अभिभावकलाई बागमती नगरपालिका-१२, बथनीयास्थित जनजागृति प्राथमिक विद्यालयले पढाउन सुरु गरेको हुन् ।

बालबालिकाको शैक्षिक गुणस्तर सुधारका लागि पहिला अभिभावक शिक्षित बनाउनुपर्ने देखिएपछि अभिभावक शिक्षा सुरु गरेको विद्यालयका प्रधानाध्यापक हेरम्भराज सुवेदीले जानकारी दिए । 'निकै प्रयास गरेपछि पनि साना कक्षाका बालबालिकाको पढाइमा सुधार नभएपछि अभिभावकलाई पढाउन थालेका हौं,' उनले भने, 'अभिभावक निरक्षर हुँदा बालबालिकाले गृहकार्य नै नगर्ने, घरमा नपढ्ने, स्कुल पनि नियमित नपठाउने भएकाले पहिला अभिभावकलाई पढाइको महत्त्व बुझ्ने र बालबालिकालाई गृहकार्य गराउनसक्ने बनाउन खोजेका हौं ।'



बालबालिकाको पठनपाठनमा घरको वातावरण र परिवारमा पनि आमाको भूमिका महत्त्वपूर्ण हुन्छ । तर, यहाँ अधिकांश आमा अशिक्षित रहेकाले बालबालिकाको पठनपाठन सुधारका लागि आमालाई पढाउन सुरु गरेको विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष पवित्रा माझीले बताइन् । यसपछि आमाहरूले नानीहरूसँगै बसेर पढ्ने तथा सिकाउन सक्ने अपेक्षा गरेको उनको भनाइ छ ।

विद्यालयको पहलमा सुरु भएको 'नानीसँगै हामी' कार्यक्रमका लागि लुम(तान) नामक गैरसरकारी संस्थाले आर्थिक सहयोग गरेको विद्यालयले जनाएको छ । विद्यालयका अनुसार सहभागी आमा(अभिभावक)हरूलाई ५० दिनसम्म अनौपचारिक शिक्षा प्रदान गरिने छ । यसबाट सहभागीले सामान्य लेखपढदेखि बालबालिकाको पालनपोषण, सरसफाइ लगायतको ज्ञान प्राप्त गर्नसक्ने छन् । योसँगै महिला स्वास्थ्य, शिक्षा, अधिकारलगायत विभिन्न विषयमासमेत प्रशिक्षण प्रदान गरिने छ । पहिलो चरणमा १५ अभिभावकलाई समेटे पनि पछि अन्यलाई पनि सहभागी गराउने योजना रहेको विद्यालयले जनाएको हो । *रासस*


## युएईमा रोजगार

कम्पनी : FAB MASTER LAUNDRY LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310989 | चलानी नं.६०२२५४९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 2 | 0 | 1200 | ४३,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

कम्पनीः A T V A TECHNICAL AND CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०१ | LT. No.296430 | चलानी नं. ६०२११५३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 210 | 0 | 1000 | ३५,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः सकास्की, पोखरा, बाजेको सेकुवामा मितिः २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ । झापा, दमक, होटल केबिआरमा मितिः २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950, Email: nocnepal@nassers.org
श्रम इजाजत नं. ६१९/०६३/०६४

## युएईमा रोजगार

कम्पनी : MODULAR FOR WATERPROOFING AND MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०५/30 | LT. No. 310852 | चलानी नं. ६०२२५५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electrician | 2 | 0 | 1100 | ४०,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 2 | 0 | 1000 | ३६,५१० | | | | | | | |
| 3 | Building Painters | 2 | 0 | 1200 | ४३,८१५ | | | | | | | |
| 4 | Central Heating Mechanic Assit | 2 | 0 | 1100 | ४०,१६५ | | | | | | | |
| 5 | Electrician | 2 | 0 | 1200 | ४३,८१५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४३,८१५ | | | | | | | |
| 7 | Stone Mason Assistant | 2 | 0 | 1100 | ४०,१६५ | | | | | | | |

कम्पनी : {ROYAL PALACE FURNITURE INDUST. CO. {L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310938 | चलानी नं. ६०२२५५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४३,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Curtain Tailor | 5 | 0 | 1200 | ४२,८१५ | | | | | | | |
| 3 | Sales Officer | 5 | 0 | 5000 | १८२,५६० | | | | | | | |
| 4 | Stevedore/Lasher | 10 | 0 | 1200 | ४२,८१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

NEPAL WORLD OVERSEAS PVT.LTD
Govt. License No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677, E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## बहराइनमा रोजगार

कम्पनी : SLINGTEK W.L.L

पूर्व स्वीकृति मिति २०८०/११/२० | पुन विज्ञापन स्वीकृति मितिः २०८१/०६/०२ | LT. No. 301005 | चलानी नं. ६०२१५९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 4 | 0 | 100 | ३५,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.
सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८९२२२, ४९८३५४४
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np
श्रम इजाजत नं. ३१७/०५९/०६०

## कतारमा रोजगार

कम्पनी : THE RARE BURGER

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310949 | चलानी नं.६०२२५४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 5 | 0 | 1500 | ५५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 3 | 1300 | ४७,७६५ | | | | | | | |
| 3 | Cooker/cook | 3 | 0 | 1500 | ५५,११५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ९ गते (25th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

K.H.M. Recruitment Services Pvt Ltd
Bijay Chowk-9, KTM, Nepal Tel. No.: +977-01-4575321, E-mail: info@khmgroups.com, khmhrnepal@gmail.com Website: www.khmgroups.com
Govt. License 1193/073/074

## कुवेतमा रोजगार

कम्पनी : SANAD COMPANY FOR DELIVERING CONSUMER ORDERS

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310929 | चलानी नं.६०२२५५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 8 | 0 | 150 | ६५,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## कतारमा रोजगार

कम्पनी : CHICKEN CHOICE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 311023 | चलानी नं.६०२२५४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 2 | 0 | 1300 | ४७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker/cook | 2 | 0 | 1600 | ५८,७८५ | | | | | | | |
| 3 | Labour | 2 | 0 | 1000 | ३६,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

KALIKA HUMAN RESOURCE PVT LTD
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np
Govt. License 1331/074/75

## साउदीमा रोजगार

कम्पनी : BAYAN AL-IKHTIYAR OPERATION AND MAINTENANCE COMPANY
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310022 | चलानी नं.६०२२४६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

RECENT JOB PLACEMENT PVT. LTD
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com
श्रम इजाजत नं. १३१८/०७४/०७५

## युएईमा रोजगार

कम्पनी : SAFE EYES SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०८१/०६/०२ | LT. No. 310928 | चलानी नं. ६०२२५४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 5 | 0 | 1100 | ४०,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

Kaushik Janashakti International Pvt. Ltd.
Pinglasthan-8, Kathmandu, Nepal, Contact no: +977-1-4592279 ,9851005829,9800941029, 9818544314,9808059185, Email : info@kjinepal.com / kaushikjanashakti2016@gmail.com, hrkaushikjanashakti@gmail.com, Website: www.kjinepal.com
श्रम इजाजत नं. 330/059/60

## कतारमा रोजगार

कम्पनी : NASSER TRADG IMPORT CONT EST

पूर्व स्वीकृति मिति : २०८०/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 302689 | चलानी नं.६०२१७७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1800 | ६६,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 1 | 0 | 1000 | ३६,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## साउदीमा रोजगार

कम्पनी : LARSEN & TOUBRO SAUDI ARABIA LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310976 | चलानी नं. ६०२२५५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Skilled Labour | 43 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

## साउदीमा रोजगार

कम्पनी : ROYAL MALABAR EASTERN COMPANY

पूर्व स्वीकृति मितिः २०८०/०९/२४ | पुन विज्ञापन स्वीकृति मितिः २०८१/०६/०२ | LT. No. 297739 | चलानी न. ६०२१२८३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1500 | ५३,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

Sulav Recruitment Pvt.Ltd.
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977 1 5903011/ 5903012, Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com
Govt. License No. 1336/074/075

## कुवेतमा रोजगार

कम्पनी : EID AL TAHA GROUP FOR GENERAL TRADE, KUWAIT

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310969 | चलानी नं.६०२२५५०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ceramic Mason Tiles | 10 | 0 | 120 | ५२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor/Helper/Building Worker | 26 | 0 | 95 | ४१,७६० | | | | | | | |
| 3 | Mason (Plaster Man) | 10 | 0 | 120 | ५२,७५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

Dana Human Resource Nepal Pvt. Ltd.
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: dananepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com
Govt. Lic.No 1692/081/81


### फिल्म 'अज्ञात' मा नीति

अभिनेत्री नीति शाह 'अज्ञात' मा पनि देखिने भएकी छन् । समोस सुनुवारको निर्देशनमा बन्न लागेको फिल्ममा अभिनेताद्वय सौगात मल्ल र अनुपविक्रम शाही मुख्य कलाकारको रूपमा छन् । कर्म पिंकी भुटियाको निर्माण रहने फिल्ममा प्रदीप भारद्वाजको स्क्रिप्ट लेखन छ । यो फिल्मलाई हरि हुमागाइँले छायांकन गर्नेछन् । आगामी माघपछि छायांकन सुरू गर्न लागिएको फिल्मलाई २०८२ सालको फूलपातीमा प्रदर्शन गर्ने बताइन्छ । नेपाल र सिक्किममा छायांकन गरिने फिल्म एक्सन प्रधान हुनेछ । उनी अभिनित अहिले 'ज्वाई साप' प्रदर्शनको तयारीमा छ । उनले 'रूखान', 'नरसिंहा अवतार' र 'मोहर' गरी तीन फिल्म सम्झौता गरेर बसेकी छन् ।



# 'ज्वाइँ साब'का हटकेक जीतु र नीति

■ प्रभाव संवाददाता



**काठमाडौं–** यही असोज २४ गतेबाट रिलिज हुने फिल्म 'ज्वाइँ साब'का प्रमुख कलाकारद्वय जितु नेपाल र नीति शाह फिल्मवृत्त र दर्शकका लागि 'हट केक' हुन् । फिल्ममा अनुबन्धित भएसँगै चर्चामा रहेका जितु र नीति फिल्मको प्रचारप्रसार सामाग्री पोस्टर, टिजर र 'कसम बत्तीको' गीत सार्वजनिक भएपछि अहिले सबैको नजर उनीहरूतिरै सोभिएको छ ।

फिल्ममा जितु र नीति अनुबन्धित भएपछि उनीहरूको जोडी कस्तो बन्ला भन्ने फिल्मवृत्तसँगै दर्शकमा बढेको जिज्ञासाको समाधान भइसकेको छ। फिल्मको पोस्टर, टिजर र गीत 'कसम बत्ती'को रिलिजले फिल्मप्रति फिल्मकर्मी र दर्शकको कौतुहलतालाई एक हदसम्म मेटाइसकेको छ ।

अभिनयमा झण्डै दुई दशक बिताइसकेका जितु र फिल्मवृत्तमा नयाँ अनुहारका रूपमा उदाएकी नीतिको क्यामेष्ट्रीलाई गीत 'कसम बत्ती' सार्वजनिक भएपछि यो जोडीलाई सबैले स्वीकारिसकेका छन् । सामाजिक सञ्जाल टिकटकमा यो गीतको चर्चा अहिले अत्याधिक छ । प्रेमभाव दर्शाउने यो गीतमा अहिले जुनसुकै उमेर समूहका मानिसले टिकटक बनाइरहेका छन् ।

फिल्म निर्माण टिमले प्रचारप्रसार सामाग्रीमा जितु र नीतिलाई बेहुला बेहुलीको गेटअपमा प्रस्तुत गर्दा पोस्टरले राम्रै चर्चा पाएको थियो । पोस्टरमा जितुलाई डोलीमा राखेर कलाकारद्वय हिमेश पन्त र बुद्धि तामाङले बोकेको र जितुको अगाडि नीति बेहुली रूपमा उभिएकी छिन् । यो पोस्टरले पनि फिल्मको कथावस्तु कस्तो होला भन्ने चासो र कौतुहलता फिल्मकर्मीसँगै दर्शकमा व्याप्त छ ।

सामान्यतयाः विवाहमा बेहुलीलाई डोलीमा चढाईन्छ । तर यो फिल्मको पोस्टर, टिजर र गीतमा भने बेहुलालाई डोलीमा चढाईएको छ ।

फिल्मका निर्देशक वसन्त निरौला नेपाली फिल्ममा देखिइरहने कथाभन्दा 'ज्वाइँसाब'मा फरक कथा दर्शकले हेर्न पाउने बताउँछन् । 'पोस्टर, टिजर र गीत रिलिज पछि फिल्मले राम्रो हाइप पाएको छ । प्रमुख कलाकार जितु नेपाल र नीति शाहको गेटअपले पनि फिल्मप्रति चासो बढाइदिएको छ', वसन्त भन्छन्, 'दुवै कलाकारले फिल्ममा चरित्र अनुसार न्याय दिनुभएको छ ।'


राजकुमार पण्डित प्रस्तुतकर्ता रहेको फिल्ममा जितु र नीतिसँगै बुद्धि तामाङ, हिमेश पन्त, रमेश वुढाथोकी, निमा पाण्डे, शिशिर वाङ्देल, कविता आले, दीपक आचार्य, राजकुमार पण्डित, कमलमणी नेपाल, प्रकाश घिमिरे, दीपक अधिकारी, राजेन्द्र नेपाली, सीपी पौडेल, विश्व मुखिया, सुमन राई, रोशन नेपाल, सुनिल तामाङ, नविन काफ्ले, शिवु पाण्डे लगायतका कलाकारहरूको अभिनय छ ।

विजय बस्याल कार्यकारी निर्माता रहेको यो फिल्ममा मीनादेवी खड्का, सौगात पण्डित र पदमलाल तामाङको लगानी छ ।

अर्जुन पोखरेल र महेश ताम्राकारको संगीत रहेको फिल्ममा संजय थापाको एक्सन, श्याम तामाङको छायांकन, सन्देश शाहको सम्पादन छ । रेड आई फिल्मस्को प्रस्तुति र मौसम फिल्मसको सहकार्यमा यो फिल्म निर्माण भएको हो । फिल्मको वितरण एप्पल इन्टरटेनमेन्ट, रिच इन्टरनेमेन्ट, एफडी कम्पनीले गर्नेछन् ।

# 'द अनसाइलेन्स' असोज २० मा प्रदर्शन हुने

■ प्रभाव संवाददाता




**काठमाडौं–** फरक क्षेत्रका ४ महिलाको कथा समेटिएको वृत्तचित्र 'द अनसाइलेन्स' नेपालमा पनि प्रदर्शन हुने भएको छ । युरोप, जापान लगायता विभिन्न देशमा प्रदर्शन भएको 'द अनसाइलेन्स' सुन्धारास्थित सीडीसी सिनेमाजमा आगामी अक्टोबर ६ अर्थात असोज २० गते प्रदर्शन हुन लागेको हो ।

वेन फिल्मस् प्रालिको प्रस्तुतिमा बनेको 'द अनसाइलेन्स' टोसित घतानेले निर्देशन गरेका हुन् । यसका निर्माता प्रमोद लामिछाने र सह-निर्माता सागर ढकाल हुन् । १ घण्टा नौ मिनेटको 'द अनसाइलेन्स' मा राधा भण्डारी, माया श्रेष्ठ, सुन्दरी मिश्र र सुकुन रसाइलीको रियल जीवन कथा प्रस्तुत गरिएको छ ।

बाल विवाहपछि घरेलु हिंसा भोगेकी राधा, कुवेतमा पुगेर मानव बेचबिखनको पन्जाबाट उम्किएर नेपालमा उद्यमी बनेकी माया, शारीरिक रूपमा होची सुन्दरी नेपाली समाजले बनाएको तल्लो जात भनेर हेपिएकी सुकुनको जीवन कहानी वृत्तचित्रमा समेटिएको निर्देशक घतानीले बताए ।

विदेशको चर्चा पछि नेपालमा सचेतनाका लागि वृत्तचित्र प्रदर्शन गर्न लागिएको छ । अहिले काठमाडौंमा देखाउन लागिएको 'द अनसाइलेन्स' देशभर देखाउने निर्माण युनिटको योजना छ ।

# 'खुस्मा'को गरियो प्रिमियर

■ प्रभाव संवाददाता

**काठमाडौं–** नायक धिरज मगर र नायिका उपासना सिंह ठकुरीको शीर्ष भूमिकामा रहेको फिल्म 'खुस्मा'को रेड कार्पेटसहितको प्रिमियर गरिएको छ । कमलपोखरीको एक हलमा बुधबार भएको प्रिमियर शोमा ३०० भन्दाबढी उपस्थित थिए ।

माओवादी सशस्त्र द्वन्द्वकालको परिवेशको प्रेम सम्बन्धमा आधारित कथामा बनेको फिल्मको प्रिमियरमा फिल्मकर्मी, राजनीतिज्ञ र पत्रकार उपस्थित थिए । प्रिमियरपछि प्रतिक्रिया दिने क्रममा फिल्मकर्मीहरूले धिरज र उपासनाको अभिनयको प्रशंसा गरे । निर्देशक तथा लेखक अशोक थापा मगर नयाँ कथा पर्दामा उतार्न सफल भएको उनीहरूको प्रतिक्रिया छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्र शाहीले सो फिल्मलाई दस्तावेजका रूपमा राख्न योग्य रहेको प्रतिक्रिया दिए । निर्देशक थापाले बताउन खोजेको कथा पर्दामा उतार्न सफल भए जस्तो लागेको अनुभूति निर्देशक निश्चल बस्नेतले सुनाए । उनले भने, 'निर्देशक आफैँले सिनेमा लेख्नु पनि भएको छ । सम्पादन पनि आफैँ गर्नु भएको छ । त्यसैले पनि सिनेमा निर्देशकज्यूले आफूले चाहेको जस्तो बनाउन सक्नु भएको होला भन्ने मलाई महसुस भयो ।'

उनले नायिका उपासनाको अभिनय मन परेको प्रतिक्रिया दिए । नायक सलिनमान बनियाँले भने फिल्म मन परेको प्रतिक्रिया दिए ।यही बिहीबारबाट प्रदर्शनमा आउने यस फिल्ममा धिरज र उपासनासहित माओत्से गुरुङ, खड्क बहादुर पुन (खबपु), सुजाता राई, विजय सुब्बा, राज थापा काउचा, अस्तित्व भट्टचन, संगीता थापा मगर, अरुन मगर, सारा राई, श्वेता मिश्र, विवेश मगर लगायतका कलाकारको अभिनय छ ।

## रंगशाला

# एनएसए कप खुला तथा उमेरसमूह पौडी प्रतियोगिता हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी असोजको तेस्रो सातामा १२औं एनएसए कप पौडी प्रतियोगिता हुने भएको छ । नेपाल पौडी संघको आयोजनामा आगामी असोज १३ र १४ गते सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरको आउटडोर पौडी पोखरीमा प्रतियोगिता सञ्चालन हुन लागेको हो ।

यो प्रतियोगिता २०३८ सालदेखि नियमित (कोभिड महामारी बेलाबाहेक) हुँदै आएको छ । बुधबार संघले पत्रकार सम्मेलन आयोजना गर्दै प्रतियोगिताबारे जानकारी दिएको हो । प्रतियोगितामा विभिन्न विद्यालय, पौडी क्लब र प्रदेशबाट कुल तीन सय ५० खेलाडीले प्रतिस्पर्धा गर्ने संघले जानकारी दिएको छ । खुला (महिला/पुरुष) र विभिन्न उमेरसमूह (महिला/पुरुष) गरी कुल ७२ स्पर्धामा प्रतिस्पर्धा हुनेछन् ।

संघले यस प्रतियोगिताबाट नेपाली पौडी खेलाडीको वृत्ति विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै अन्तर्राष्ट्रिय प्रतिस्पर्धा अगाडि आफूलाई प्रमाणित गर्ने अवसर समेत रहेको विश्वास लिएको छ ।

यस प्रतियोगितामार्फत नयाँ प्रतिभाको प्रस्फुटन, उत्कृष्ट खेलाडीको मनोबल र उमेरसमूहमा पौडी खेलको पहुँचलगायत अपेक्षा गरिएको छ । उत्कृष्ट प्रदर्शनसँगै खेलाडीको नयाँ राष्ट्रिय कीर्तिमान पनि बन्ने आशा संघले लिएको छ । राष्ट्रिय कीर्तिमान कायम गर्ने खेलाडीलाई नयाँ स्वरूपमा पुरस्कृत गरिने भएको छ ।

एक सेकेन्डभन्दा कम समय भएमा पाँच हजार र एक सेकेन्डदेखि तीन सेकेन्ड समय सुधार गर्ने खेलाडीले १० हजार रूपैयाँ नगद पुरस्कार पाउनेछन् । तीन सेकेन्डभन्दा माथि राष्ट्रिय कीर्तिमान कायम गर्ने खेलाडीले २०,००० हजार नगद पुरस्कार प्रदान गरिने संघले उल्लेख गरेको छ । प्रत्येक उमेरसमूह र खुलामा सहभागी खेलाडीमध्ये उत्कृष्ट महिला र पुरुष खेलाडीले जनही पाँच हजार नगद पुरस्कारको पाउनेछन् । वर्ष उत्कृष्ट एक खेलाडीलाई विशेष पुरुस्कारबाट सम्मानित गरिनेछ ।

नेपाल पौडी संघले आयोजना गर्ने प्रत्येक प्रतियोगितामा एक जना ओलम्पियनलाई क्रमशः नगदसहित सम्मान गर्ने सुरुआत गरिने भएको छ । यो प्रतियोगिताबाट हंगेरीको बुढापेस्टमा आयोजना हुने वर्ल्ड एक्वेटिक्स स्विमिङ च्याम्पियनसिपमा खेल्ने नेपाली खेलाडीको छनोटसमेत गरिने संघका अध्यक्ष जगतमान श्रेष्ठले जानकारी दिए । कार्यक्रममा संघका महासचिव ईश्वर कार्की र सचिव गंगा गोलेलगायत उपस्थित थिए ।

# संविधान दिवसमा प्याट्रिओटिक पन चेस च्याम्पियनसिप

■ प्रभाव संवाददाता

**काठमाडौं –** हिमालयन चेस एकेडेमीले संविधान दिवसमा प्याट्रिओटिक पन चेस च्याम्पियनसिप आयोजना गर्ने भएको छ । एकेडेमीले विभिन्न विधामा बिहीबार प्रतियोगिता आयोजना गर्न लागेको हो । प्रतियोगिता एकेडेमीमै हुनेछ । प्रतियोगितामा बोइज र गर्ल्सतर्फ समान चार विधामा प्रतिस्पर्धा गराइने एकेडेमीकी संस्थापक मोनालिसा खम्बूले जानकारी दिइन् ।

'बच्चाहरूलाई प्रोत्साहन होस् भनेर हामीले महिनामा एक इभेन्ट आयोजना गरिरहेका छौं । त्यसलाई निरन्तरता दिँदै यो प्रतियोगिता आयोजना गर्न लागेका हौं,' उनले भनिन् ।




प्रतियोगितामा यु-७, यु-९, यु-११ र यु-१३ का बोइज र गर्ल्सले सहभागिता जनाउने छन् । प्रतियोगिता यार्पिडमा हुनेछ । यो प्रतियोगितामा करिब ४० जनाले सहभागिता जनाउने पक्का भएको छ । प्रतिस्पर्धालाई रोमाञ्चक बनाउनका लागि थोरैलाई मात्रै समेटिएको उनले जानकारी दिए ।

'प्रोफेसनल देखिनको लागि भए पनि हामीले थोरैलाई सहभागी गराउन लागेका हौं । यसले प्रतियोगितालाई पनि प्रतिस्पर्धामा लैजान्छ भन्ने विश्वास लिएका छौं,' उनले भनिन् । हरेक विधाका उत्कृष्ट तीन प्रतिस्पर्धीले पुरस्कारको व्यवस्था पनि गरिएको खम्बूले जानकारी दिइन् ।

# पञ्जाब किंग्सको मुख्य प्रशिक्षकमा पोन्टिङ



**काठमाडौं–** अस्ट्रेलियाका पुर्व कप्तान रिक्की पोन्टिङ आइपिएल टिम पञ्जाव किंग्सको मुख्य प्रशिक्षक नियुक्त भएका छन् । यस अघि आइपिएल टिम दिल्ली क्यापिटल्सको मुख्य प्रशिक्षक रहेका रिक्की अब २०२५ आइपिएल सिजनका लागि पञ्जाव किंग्सको मुख्य प्रशिक्षक नियुक्त गरिएको हो ।

रिक्की पञ्जावको पछिल्लो सात सिजनमा छैटौं मुख्य प्रशिक्षक बनेका छन् । उनी केहि महिना अघि मात्र दिल्लीको मुख्य प्रशिक्षकको भूमिकाबाट अलग भएका थिए । पञ्जाव किंग्सले अहिलेसम्म आइपिएलको उपाधि जित्न सकेको छैन । २०१४ मा उप विजेता बनेको पञ्जाव त्यसयता प्लेअफमा पुग्न समेत सकेको छैन ।

आइपिएलमा खराब प्रदर्शन गरिरहेको पञ्जावलाई नयाँ स्वरूपमा ल्याउन रिक्कीका अगाडी चुनौती देखिएको छ । पञ्जावका कप्तान शिखर धवनले हालै सन्यास लिएपछि नयाँ कप्तान चुन्नेदेखि खेलाडीलाई रिटेन गर्ने र नयाँ खेलाडी भित्र्याउने चुनौती रहेको छ ।

रिक्की पोन्टिङ पहिलो सिजनदेखि नै आइपिएलसँग जोडिएका छन् । शुरुमा कोलकता नाइट राइडर्स र त्यसपछि मुम्बई इण्डियन्सको खेलाडीको रूपमा उनले आइपिएल खेलेका थिए ।

उनले २०१३ मा सिजनको बिचमा नै मुम्बईको कप्तानी छोडेका थिए । त्यसपछि उनी २०१४ मा मुम्बईको एड्भाइजरको भूमिकामा थिए भने २०१५ र २०१६ मा मुख्य प्रशिक्षक बनेका थिए । त्यसपछि २०१८ देखि उनी दिल्लीको मुख्य प्रशिक्षक रहेका थिए । *एजेन्सी*



पूर्वी चीनको झेजियाङ प्रान्तको जिन्हुआस्थित शुआंफेङ गाउमा 'लियानहुओ' भनिने परम्परागत आगोमा हिड्ने अनुष्ठान गर्न जलेको कोइलामाथि हिडिरहेका एक व्यक्ति। *तस्विरः एएफपी*

# बंगलादेशी सेनालाई 'म्याजिस्टेरियल' शक्ति



**ढाका, बंगलादेश–** बंगलादेशको अन्तरिम सरकारले मंगलबार सेनालाई 'म्याजिस्टेरियल' शक्ति प्रदान गर्ने आदेश जारी गरेको छ। यस निर्देशनले सशस्त्र सेनालाई देशभित्र आन्तरिक सुरक्षा सुनिश्चित गर्न विस्तारित अधिकार प्रयोग गर्न सक्षम बनाउने बताइएको छ।

बंगलादेशको सामान्य प्रशासन मन्त्रालयले फौजदारी कार्यविधि संहिता १८९८ को धारा १२ (१) र १७ मा उल्लिखित विशेष कार्यकारी म्याजिस्ट्रेटको अधिकारबारे व्याख्या गर्दै यो आदेश जारी गरेको हो।

यो आदेशले बंगलादेशी सेनाका अख्तियारी प्राप्त अधिकारीलाई मात्र आउँदो ६० दिनका लागि देशभर यो विशेष शक्ति प्रयोग गर्न अनुमति दिइएको छ। बंगलादेशमा सुरक्षा व्यवस्था कायम राख्न सेनाको भूमिका विस्तार भएको पुष्टि गर्ने आदेशको प्रतिलिपि एएनआईले प्राप्त गरेको छ। बंगलादेशी सेनाले म्याजिस्ट्रेसी शक्तिहरूको प्राप्ति र कार्यान्वयनलाई स्वीकार गरेको छ।

'सेनाले म्याजिस्ट्रेसी शक्ति प्राप्त गरेको खबर सही हो,' इन्टर सर्भिस पब्लिक रिलेसन्स डाइरेक्टोरेट (आइएसपिआर) का निर्देशक कर्नल सामी उद दौला चौधरीले पुष्टि गरे। यसअघि, शेख हसिनाको सरकारको नेतृत्वमा, नागरिक अधिकारीलाई सहयोग गर्न जुलाई १९ मा कर्फ्यु लगाइएको थियो र सेना देशभर तैनाथ गरिएको थियो।

एक महिनाअघि विद्यार्थी नेतृत्वको आन्दोलनले शेख हसिनालाई बंगलादेशको प्रधानमन्त्रीको पदबाट अपदस्थ गरेको थियो। त्यसलगत्तै बंगलादेशमा नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको हो। *रासस/एएनआई*

# जापानमा अक्टोबर १ मा नयाँ प्रधानमन्त्री चयन हुने

**टोकियो–** जापानमा आगामी हप्ताको नेतृत्व प्रतिस्पर्धापछि अक्टोबर १ मा संसद्बाट औपचारिकरूपमा नयाँ प्रधानमन्त्री चयन गर्ने सत्तारुढ पार्टीका एक अधिकारीले बुधबार बताएका छन्। सेप्टेम्बर २७ को आन्तरिक मतदानमा लिबरल डेमोक्र्याटिक पार्टी (एलडिपी) का प्रमुख फुमियो किशिदाको उत्तराधिकारीका रूपमा नौ उम्मेदवारमध्ये तीन जना अगाडि सरेका छन्। प्रतिस्पर्धीमध्ये कन्जरभेटिभ आर्थिक सुरक्षामन्त्री साने ताकाइची एलडिपीका पूर्वमहासचिव सिगेरु इशिबा र पूर्वप्रधानमन्त्री जुनिचिरो कोइजुमीका छोरा सिन्जिरो कोइजुमी रहेका छन्।

कन्जरभेटिभ एलडिपीले दशकौंदेखि संसद्मा बहुमतसहित शासन गर्दै आएको छ। संसदीय मामिलाका एलडिपी सांसद यासुकाजु हमादाले विपक्षी समकक्षीलाई नयाँ प्रधानमन्त्री चयन गर्न पार्टीले अक्टोबर १ मा संसद् सत्र बोलाउने योजना बनाएको बताएका छन्।

विपक्षी पार्टीको स्वीकारोक्तिपछि सरकारले सोमबार औपचारिकरूपमा मिति घोषणा गर्ने जापानी सञ्चारमाध्यमले जनाएका छन्। सन् २०२१ को अक्टोबरदेखि सत्तासिन किशिदाले मूल्यवृद्धिलगायतका काण्डपछि भएका समीक्षामा आफ्नो सरकारका लागि अनुमोदन मूल्यांकनमा आएको परिणामपछि किशिदाले गत महिना आफूले पदमुक्त हुने घोषणा गरेका थिए। चुनावमा एलडिपीका सांसदहरूले मतदान गरेपछि मत पार्टी सदस्य र समर्थकको प्राथमिकताको आधारमा निर्धारण गरिने जनाइएको छ। *रासस/एएफपी*

# यागी चक्रवातका कारण दक्षिण पूर्वी एसियाका ६० लाख बालबालिका प्रभावित : युनिसेफ

**बैंकक–** यागी चक्रवातले निम्त्याएको बाढी र पहिरोका कारण दक्षिणपूर्वी एसियामा करिब ६० लाख बालबालिका प्रभावित भएको युनिसेफले बुधबार जनाएको छ। यागीले दुई हप्ताअघि भियतनाम, थाइल्यान्ड, लाओस र म्यानमारमा शक्तिशाली हावा र भारी वर्षा निम्त्याएको थियो।

थाइल्यान्डले बुधबार थप तीन जनाको मृत्यु भएको रिपोर्ट गरेसँगै यस क्षेत्रमा कूल ५३७ जनाको मृत्यु भएको पुष्टि भएको छ। राष्ट्रसंघीय बाल एजेन्सी युनिसेफले स्वच्छ पानी, शिक्षा, स्वास्थ्य सेवा, खाना र आश्रयको पहुँच सम्झौताको आधारमा यागीबाट प्रभावित बालबालिकाको संख्या उल्लेख गरेको हो। कमजोर बालबालिका तथा परिवारहरूले यागीको सामना गर्न बाध्य भएको युनिसेफका पूर्वी एसिया प्रशान्तका क्षेत्रीय निर्देशक जुन कुनुगीले बताएका छन्।

यसैगरी भियतनाममा पिउने पानी र सरसफाइको अभावका कारण करिब ३० लाख मानिस रोगको जोखिममा रहेको युनिसेफले जनाएको छ। म्यानमारमा बाढीका कारण करिब चार लाख मानिस विस्थापित भएका छन्। युनिसेफले यागीले म्यानमारमा गम्भीर मानवीय अवस्था निम्त्याइ सीमान्तकृत समुदायलाई संकटमा धकेलेको उल्लेख गरिएको छ। *रासस/एएफपी*

# फ्रान्सको आर्थिक अवस्था 'गम्भीर'

**पेरिस–** फ्रान्सको सार्वजनिक वित्तको 'वास्तविकता' मापन गर्न थप जानकारी आवश्यक रहेको भन्दै प्रधानमन्त्री मिचेल बार्नियरले बुधबार फ्रान्सको आर्थिक अवस्था गम्भीर भएको बताएका छन्। यस महिनाको सुरुमा बार्नियर सरकारको प्रमुख बन्नुअघि फ्रान्सलाई युरोपेली संघको बजेटीय नियमहरू उल्लंघनको आरोप लागेको थियो। बैंक अफ फ्रान्सले सन् २०२७ सम्ममा युरोपेली संघको घाटाका नियमहरूमा यथार्थता नभएको बताएको थियो।

फ्रान्सको सार्वजनिक क्षेत्रको घाटा यस वर्ष जिडिपीको ५.६ प्रतिशतमा पुग्ने अनुमान गरिएको छ भने सन् २०२५ मा छ प्रतिशतभन्दा बढी पुग्ने अनुमान गरिएको छ। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले संसदीय चुनावको लामो झगडापछि नियुक्त भएका प्राधानमन्त्री बार्नियरले आर्थिक स्थिरताका लागि कर वृद्धि गरेका छन् भने म्याक्रोनले अस्वीकार गरेका छन्। बिग्रिएको आर्थिक अवस्थालाई सुधार गर्न केवल सुन्दर कथन भन्दा बढी जिम्मेवार कारबाही आवश्यक रहेको उनले बताएका छन्। *रासस/एएफपी*

# गाजा युद्धविराम प्रयासलाई अगाडि बढाउन अमेरिकी विदेशमन्त्री इजिप्ट भ्रमणमा

**कायरो–** लेबनानमा भएको 'पेजर' विष्फोटको घटनाले गाजामा युद्धविरामको प्रयासलाई थप जटिल बनाएपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन बुधबार कायरो आइपुगेका छन्।

लगभग एक वर्षअघि गाजामा युद्ध सुरु भएदेखि मध्यपूर्वको आफ्नो १०औं यात्रामा ब्लिन्केनले इजिप्टका अधिकारीहरूसँग वार्ताको प्रयासलाई सम्बोधन गर्ने अमेरिकी विदेश विभागले जनाएको छ। ब्लिन्केनले भेटका क्रममा इजिप्टका नेता अब्देल फताह अल-सिसीसँग भेट्ने र विदेशमन्त्री बद्र अब्देलात्तीसँग पत्रकार सम्मेलन गर्ने अपेक्षा गरिएको छ। विदेशमन्त्री ब्लिन्केनको कायरो वार्ताबाट कुनै सफलताको अपेक्षा नगरेको तर इजरायल र हमासबीचको सम्झौताका लागि दबाब अभियान जारी राख्नु भ्रमणको मुख्य उद्देश्य रहेको अमेरिकी अधिकारीहरूले बताएका छन्।

लेबनान सशस्त्र समूह हिज्बुल्लाहका सदस्यहरूले एकआपससँग सञ्चार गर्न प्रयोग गर्ने हाते पेजरहरू विष्फोटन भएपछि ब्लिन्केनले इजिप्टको भ्रमण गरेका हुन्। घटनामा एक बालिकासहित नौ जनाको मृत्यु भएको थियो भने करिब दुई हजार ८०० जना घाइते भएका थिए। *रासस/एएफपी*


## सोलुदुधकुण्ड नगरपालिका
ༀ། ཨོང་རོང་ཆོ་མའི་མཚོའི་གྲོང་རྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
नगर कार्यपालिकाको कार्यालय,
सल्लेरी, सोलुखुम्बुको

### प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रकाशित सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०६/०३ गते)

सोलुदुधकुण्ड नगरपालिकाका, नगर कार्यपालिकाको कार्यालयद्वारा निम्न प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्ताव तथा प्रस्तावकको नाम र ठेगाना | प्रस्ताव : सोलु र बेनी नदी क्षेत्रको बगरबाट ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन एवं उत्खनन् कार्य। प्रस्तावक : सोलुदुधकुण्ड नगरपालिकाका, नगर कार्यपालिकाको कार्यालय, सल्लेरी, सोलुखुम्बु। |
| प्रस्तावको ब्यवहोरा | नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने सोलु र बेनी खोलाको वगर क्षेत्रबाट वातावरण संरक्षण नियमावली, २०७७ को प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण गरी दिगोरूपमा ढुङ्गा, गिट्टी, वालुवा एवं ग्रावेल संकलन/उत्खनन् गरी बिक्री वितरण गर्ने कार्यलाई व्यवस्थित गर्ने। |
| प्रस्तावको प्रभावित क्षेत्र | सोलुदुधकुण्ड नगरपालिका अन्तरगतका सोलु र बेनी नदी किनारा नजिकका वार्डहरु/बस्तीहरु। |

माथि उल्लेखित प्रस्ताव कार्यान्वयनबाट प्रस्ताव क्षेत्रका भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण र यिनका अवयवहरु तथा अन्तर सम्बन्धमा पर्ने प्रभावहरुको सन्दर्भमा कुनै रायसुझाव एवं प्रतिक्रिया भए त्यस क्षेत्रका सम्बन्धीत कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाले सूचना प्रथम पटक प्रकासित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव एवं प्रतिक्रिया उपलब्ध गराइदिनुहुन वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम २ को प्रयोजनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

राय सूझाव तथा प्रतिक्रिया पठाउन सकिने ठेगाना
सोलुदुधकुण्ड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश, सम्पर्क नं : ९७७-०३८-५२०२४८,५२०२४८
इमेल : solududhkundamun@gmail.com, info@solududhkundamun.gov.np



## साउदीमा रोजगार
कम्पनी : SIRAJ TEA SHOP FOR DRINKS
पूर्व स्वीकृति मिति २०८१/०६/०२ | LT. No. 310941 | चलानी नं. ६०२२५४७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter (Service) | 1 | 0 | 1200 | ४२,६०० | | | | | | | |

कम्पनी : ARABIAN GULF CONSTRUCTION COMPANY FOR TRADING AND CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/०३/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०२ | LT. No. 306817 | चलानी नं. ६०२२१५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६४,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al-Haider Contracting Company, Hadi Saleh Al-Haider and Partners Company
पूर्व स्वीकृति मिति २०८१/०६/०२ | LT. No. 310940 | चलानी नं. ६०२२५४७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker/general Worker | 50 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## साउदीमा रोजगार
कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८१/०५/३१ | LT. No. 310782 | चलानी नं. ६०२२५४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder Labour (Grade I) | 12 | 0 | 1500 | ५३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ९ गते (25th Sep. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


यो विज्ञापन LT No. 310782 मिति: २०८१/०६/०२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ।

Target Consultant Human Resources Pvt. Ltd.
श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## ETHICAL RECRUITMENT OPPORTUNITY FOR UAE!!!
न्यायोचित नियुक्ति अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ABU DHABI NATIONAL HOTELS (CATERING), UAE
कम्पनी : अबु दाबी नेशनल होटल्स (क्याटरिङ), युएई

Pre Approval Date : 2024-01-24 | पूर्व स्वीकृति मिति : २०८०/१०/१० | Post Advertisement Date : 2024-09-10 | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/२५ | LT. No. 298709 | एल टि न. २९८७०९ | चलानी नं. ६०२१३६९२ | Invoice No. 60213692

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COMMI- III | 30 | 0 | 1000 | ३६,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | COMMIS I | 25 | 0 | 1200 | ४३,९१५ | | | | | | | |
| 3 | COMMIS II | 29 | 0 | 1000 | ३६,५९५ | | | | | | | |
| 4 | MALE/FEMALE CLEANER | 298 | 267 | 800 | २९,२७५ | | | | | | | |
| 5 | WAITER/WAITRESS | 30 | 77 | 1200 | ४३,९१५ | | | | | | | |

Note: Extra allowance for Commis I - 300, Commis II - 300, Commis III - 200
नोट: Commis को लागि अतिरिक्त भत्ता: Commis I - 300, Commis II - 300, Commis III - 200
The final interview will be conducted in the office on 27 & 28 September, 2024.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ र १२ गते हुनेछ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ।

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ। आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रू.७०० I- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रू.१५०० I- रोजगारदाताले व्यहोर्ने Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कस्ले व्यहोर्ने who will bear the Service Fee रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुबिधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.बिदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.बिदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा बिदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## साउदीमा रोजगार
कम्पनी : Ghatafan Constructions Est.
पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310972 | चलानी नं.६०२२५५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labour | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर


पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२१६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५६४०० | प्रति तोला - - | प्रति तोला - १८९० |



**चौरीपालन** | मुस्ताङको थासाङ-२ को ह्याण्डिङ डाँडामा व्यावसायिक रूपमा पालिएका चौरी ।
*तस्बिर: कमल खत्री/रासस*

# नेपाल र बंगलादेशबीच विद्युत् व्यापार सम्झौताका लागि छलफल

■ **रमेश लम्साल**

**वर्षायामको छ महिना पाँच वर्षसम्म ४० मेगावाट बिजुली बंगलादेशलाई बिक्री गरिने जनाएको छ । प्रतियुनिट ८ दशमलव १७ टाका (नौ रुपैयाँ ३० पैसा) मा प्राधिकरणले बिजुली बिक्री गर्नेछ । बंगलादेशका अन्तरिम सरकारका प्रमुख युनुससँग राजदूत भण्डारीले गर्नुभएको शिष्टाचार भेटका क्रममा पनि ४० मेगावाट बिजुलीको विषयमा नै छलफल भएको छ ।**

**काठमाडौं–** बंगलादेशमा भएको राजनीतिक परिवर्तनका कारण पछाडि सरेको नेपाल र बंगलादेशबीचको विद्युत् व्यापार सम्झौताका विषयमा पछिल्ला दिनमा सघन छलफल सुरु भएको छ । गत भदौ ३० गते ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग नेपालका लागि बंगलादेशका राजदूत सलाहुद्धीन नोमन चौधरीले गरेको शिष्टाचार भेटमा बिजुली व्यापारका विषयमा महत्वपूर्ण छलफल भएको थियो ।

बंगलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारीले त्यहाँको अन्तरिम सरकारका प्रमुख मुहम्मद युनुससँग मंगलबार गरेको भेटवार्तामा पनि सोही विषयमा छलफल भएको जनाइएको छ । यसअघि गत असारमै विद्युत् व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने तयारी गरिएको थियो । दुई देशका ऊर्जा सचिवस्तरीय बैठकमा अवसरमा सम्झौताको तयारी गरिएपनि तत्कालीन समयमा यसले मूर्तरूप लिन सकेको थिएन । यसअघि बंगलादेशले पहिलो चरणमा ४० मेगावाट बिजुली लैजान सहमति जनाइसकेको छ ।

पछिल्लो समय बंगलादेशमा भएको राजनीतिक परिवर्तनका कारण नेपाल, भारत, बंगलादेशका ऊर्जामन्त्रीको उपस्थितिमा सम्झौताको तयारी गरिएको भए पनि अन्तिम समयमा आएर स्थगित भएको थियो । बंगलादेशको अन्तरिम सरकारले बिजुली लैजाने विषयमा सघन छलफल गरिरहेको र आवश्यक पहल गरिरहेको सन्दर्भमा अब छिट्टै सम्झौता हुने वातावरण निर्माण भएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

ऊर्जामन्त्री खड्कासँग भएको भेटमा नेपाल र बंगलादेशबीचका ऊर्जा सहकार्यका विविध विषयमा छलफल भएको थियो । सो भेटमा ऊर्जामन्त्री खड्काले नेपालमा जलविद्युत्को प्रचुर सम्भावना रहेको र बंगलादेशमा बढ्दो ऊर्जा आवश्यकता रहकाले दुई देशबीचको ऊर्जा सहकार्यलाई अझ गहिरो बनाउन भेटले सहयोग पुग्ने बताएका थिए ।

उक्त अवसरमा दुई देशका सचिव तथा सहसचिवस्तरीय बैठकमा ठूला जलविद्युत् आयोजना निर्माणमा सहकार्य, अन्तरदेशीय प्रसारण लाइनमा भारतीय पक्षको सहमति र विद्युत् व्यापारको सुरुवातलगायत विभिन्न महत्वपूर्ण विषयमा छलफल तथा निर्णय हुने भएकाले उक्त बैठक फलदायी हुने विश्वास व्यक्त गरिएको थियो । ऊर्जामन्त्री खड्काले नेपाल विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट र भारतको विद्युत् व्यापार निगमबीच ऐतिहासिक त्रिपक्षीय विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर गरी नेपालले भारतीय प्रसारण लाइनको प्रयोग गरी वर्षायाममा बंगलादेशमा विद्युत् निर्यातले दुई देशबीच विद्युत् व्यापारको ढोका खोल्ने बताएका थिए ।

कूल छ सय ८० मेगावाटको सुनकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माण र विकासका लागि नेपाल विद्युत् प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त उपक्रम सम्झौता हस्ताक्षरका लागि आवश्यक प्रक्रिया अगाडि बढिसकेको छ । त्यसमा बंगलादेश सरकार र यहाँस्थित राजदूतावासबाट आवश्यक पहल गर्नु जरुरी रहेको उनले उल्लेख गरेका छन् ।

सो भेटमा राजदूत चौधरीले बंगलादेशले निकट भविष्यमा नै ४० मेगावाट विद्युत् खरिद सम्झौता गरेर नेपाल र बंगलादेशबीचको ऊर्जा सहकार्यलाई अगाडि बढाउन खोजेको बताएका थिए । उनले विद्युत् उत्पादन, व्यापार र प्रसारण लाइनको विकासमा बंगलादेशले आवश्यक सहयोग गर्ने धारणा राखेका थिए ।

नेपाल विद्युत् प्राधिकरणले वर्षायामको छ महिना पाँच वर्षसम्म ४० मेगावाट बिजुली बंगलादेशलाई बिक्री गरिने जनाएको छ । प्रतियुनिट ८ दशमलव १७ टाका (नौ रूपैयाँ ३० पैसा) मा प्राधिकरणले बिजुली बिक्री गर्नेछ । बंगलादेशका अन्तरिम सरकारका प्रमुख युनुससँग राजदूत भण्डारीले गर्नुभएको शिष्टाचार भेटका क्रममा पनि ४० मेगावाट बिजुलीको विषयमा नै छलफल भएको बताइएको छ ।

नेपाल र भारतबीच विद्युत् आयात निर्यातका लागि हाल सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय लाइन हुँदै बिजुली भारतीय भूमिबाट बंगलादेश जानेछ। प्राधिकरणले तोकिएको मूल्य भारतको मुजफ्फरपुर बिन्दुमा पाउनेछ । प्रसारण लाइनको प्राविधिक चुहावट भने ढल्केबर-मुजफ्फपुरबीचको प्राविधिक चुहावट भने प्राधिकरणले नै व्योहोर्नेछ ।

भारतीय भूमिमा रहेको बहरामपुर-भेरमारा चार सय केभी प्रसारण लाइन हुँदै बिजुली बंगलादेश जानेछ । साङ्केतिक रूपमा नै भए पनि बंगलादेशमा बिजुली बिक्री हुनु नेपालको सफलताका रूपमा लिइएको छ । भारतपछि उपक्षेत्रीय रूपमा नेपालको बिजुली पुग्नु आफैँमा महत्वपूर्ण हुने सरकारको बुझाइ छ । प्राधिकरणले भारतीय कम्पनी एनभिभिएनलाई बिजुली उपलब्ध गराउनेछ। सोही कम्पनीले नेपाली बिजुली बंगलादेश पुऱ्याउनेछ ।

खासगरी, प्राधिकरणले चिलिमे र त्रिशूली जलविद्युत् केन्द्रबाट उत्पादित बिजुली बंगलादेश निर्यात गर्ने बताउँदै आएको छ । बंगलादेश सरकारले सन् २०४० सम्म नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने यसअघि नै घोषणा गरिसकेको छ । नेपाल र भारतबीच १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्नेसम्बन्धी दीर्घकालीन सम्झौता भइसकेको छ । त्यसो त बंगलादेशमा समेत बिजुली निर्यात भएको खण्डमा त्यसले रणनीतिक महत्व राख्नेछ । गत साउन १३ गते नेपाल, भारत र बंगलादेशका ऊर्जामन्त्रीको उपस्थितमा त्रिपक्षीय सम्झौताको तयारी गरिएको थियो । नेपाल र बंगलादेशका ऊर्जा सचिवस्तरीय बैठकको आयोजना गरिएको थियो । बंगलादेशको राजनीतिक परिवर्तनले सो कार्यक्रम स्थगित भएको थियो । *रासस*

### नेप्से पुगेर अर्थमन्त्रीको प्रश्नः

# पुँजीबजार किन अस्थिर ?

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पुँजीबजार अस्थिर भइरहेको प्रति चिन्ता व्यक्त गरेका छन् । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) को भद्रकालीस्थित कार्यालयमा निरीक्षणका लागि बिहीबार पुगेका अर्थमन्त्री पौडेलले पुँजीबजारको वर्तमान अवस्थाका बारेमा जानकारी लिँदै कारोबार रकम र नेप्से परिसूचकमा देखिएको अस्थिरता बारे चासो व्यक्त गरे ।

'केही समयअघि मात्र नेप्से परिसूचक तीन हजार अङ्कभन्दा माथि र कारोबार रकम रु ३० अर्ब हाराहारी पुगेकोमा अहिले परिसूचक दुई हजार पाँच सय ७० हाराहारी र कारोबार रकम रु पाँच/छ अर्बमा खुम्चिएको छ', अर्थमन्त्री पौडेलले भने, 'किन यस्तो भइरहेको छ भन्नेबारे शीघ्र र स्पष्ट जवाफ खोजौँ ।'

वर्तमान सरकार गठन भएपछि राजनीतिक स्थिरताको सन्देशसँगै पुँजीबजारमा पनि सुधार देखिएको भए पनि अहिले फेरि बजार घट्दै जानुको कारणबारे अर्थमन्त्री पौडेलको चासो थियो । 'स्थिर र बलियो सरकार छ । बैंक वित्तीय संस्थामा ब्याजदर घटेको छ । तर तीन हजारको बिन्दुसम्म पुगेको बजार टिक्न सकेन । यस्तो किन भइरहेको छ भन्ने जवाफ चाहन्छु,' उनले भने ।

अर्थमन्त्री पौडेलले पुँजी बजारलाई दिगो, विस्वसनीय र प्रविधिमैत्री बनाउन सुधारका थप क्रियाकलाप अघि बढाउन पनि निर्देशन दिए । पुँजीबजारमा हुने इन्साइडर ट्रेडिङजस्ता अवाञ्छनीय गतिविधि रोक्नका लागि चनाखो हुन पनि अर्थमन्त्री पौडेलले नेप्सेलाई निर्देशन दिए ।

अर्थमन्त्री पौडेलसँगै राजस्व सचिव दिनेशकुमार घिमिरे, नेपाल धितोपत्र बोर्डका अध्यक्ष महेश बराल, अर्थ मन्त्रालयको आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख महेश आचार्यलगायतको टोली नेप्सेको कार्यालयमा निरीक्षण लागि पुगेको थियो । पुँजीबजारको विद्यमान अवस्थाको जानकारी, नेप्सेले गरिरहेका काम कारबाही तथा सुधारका लागि थाल्नुपर्ने पहलका विषयमा कर्मचारीसँग छलफल पछि राजस्व सचिव घिमिरेले पुँजीबजार सुधारका लागि मन्त्रालय प्रतिबद्ध रहेको बताए । नेप्सेको आन्तरिक संरचनामा सुधार, दक्ष कर्मचारी व्यवस्थापनलगायतका काममा प्राथमिकतामा रहने उनको भनाइ छ ।

# बुद्ध एयरले भारतको वाराणसीमा उडान थप्यो

**काठमाडौं (प्रस)–** निजी क्षेत्रको हवाई सेवा प्रदायक बुद्ध एयरले भारतको वाराणसीका लागि तेस्रो उडान थपेको छ । उक्त गन्तव्यमा यसअघि सातको दुई उडान भर्दै आएको कम्पनीले अब साताको तीन उडान गर्ने जनाएको छ । बुद्ध एयरले साताको सोमबार, बुधबार र शुक्रबार उडान गर्नेछ ।

साताको तीन उडानले यात्रुलाई आवतजावतमा थप सहयोग पुग्ने कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ । बुद्ध एयरको भगनी संस्था बुद्ध होलिडेजले वाराणसी, सारनाथ अयोध्यालगायत वरपरका विभिन्न गन्तव्यको होलिडे प्याकेज पनि रहेको छ । यात्रुलाई भारतको गया गई सोह्र श्राद्ध गर्न थप सहयोग पुग्नेछ ।

काठमाडौँबाट वाराणसी ५० मिनेटको उडानमा पुग्न सकिन्छ । वाराणसीका लागि सुरुआती एकतर्फी भाडा रु ११ हजार ३६० रहेको छ । काठमाडौँबाट बिहान ७:१५ बजे तथा वाराणसीबाट ८:३० बजे उडान समय तोकिएको छ । बुद्ध एयरसँग हाल एटिआर ४२ दुई र एटिआर ७२ १६ गरी कुल १८ विमान छन् ।

# ठमेल प्लाजा होटलको सेयर निष्काशन एसबिआई मर्चेन्टले गर्ने



**काठमाडौं (प्रस)–** नेपाल एसबीआई मर्चेन्ट बैंकिङ लिमिटेड र ठमेल प्लाजा होटल एण्ड सुइटस्बीच सम्झौता भएको छ । सम्झौताअनुसार ठमेल प्लाजाले सर्वसाधारणहरूलाई जारी गर्न लागेको प्रति सेयर अङ्कित मुल्य रु. १००/- दर का १०,००,००० कित्ता साधारण सेयरको लागि निष्काशन तथा बिकी प्रबन्धक को रूपमा नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिबाट गर्ने निर्णय भएको छ ।

राजधानीमा सम्पन्न एक कार्यक्रमबीच नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि.का तर्फबाट प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखे्रल र ठमेल प्लाजा होटल एण्ड सुइटस् लि.को तर्फबाट कार्यकारी अध्यक्ष जगन्नाथ ज्ञवालीले उक्त निष्काशित सेयरको लागि निष्काशन तथा बिकी प्रबन्धक सेवा प्रदान गर्ने सम्बन्धि द्विपक्षिय सम्झौतापत्रमा हस्ताक्षर गरे ।

नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड नेपाल एसबिआई बैंक लिमिटेडको पूर्ण स्वामित्व भएको सहायक कम्पनी हो । यसले नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त गरी लगानि ब्यबस्थापन सेवा, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सेवा, धितोपत्र खरिद प्रत्याभुति सेवा, हितग्राही खाता सञ्चालन सम्बन्धी सेवा, संस्थागत परामर्श सम्बन्धी सेवा तथा सेयर रजिष्ट्रार सम्बन्धि सेवा प्रदान गर्दै आइरहेको छ ।

ठमेल प्लाजा होटल एण्ड सुइटस् लि. का.म.न.पा वडा नं. १६, ठमेलमा आफ्नै स्वामित्वको जग्गा एवम् सुविधा सम्पन्न भवनमा चार तारा स्तरको होटल 'रमदा इन्कोर काठमाडौं ठमेल' को नामबाट बिगत ३ बर्ष देखि सञ्चालन हुँदै आएकोछ । यस होटलले हाल ९० वटा कोठा मार्फत आन्तरिक तथा बाह्य पर्यटक/अतिथिहरूलाई सेवा प्रदान गरिरहेको छ ।

# साना तथा मझौला उद्योग प्रवर्द्धनमा महासंघ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघले युवा, महिला एवं साना तथा मझौला उद्यमीको प्रवर्द्धनमा विशेष प्रयास गरिरहेको जनाएको छ । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले एक छलफलमा महासंघले मस्यौदा गरेको 'स्टार्टअप' नीति पारित भएको बताएका हुन् ।

तीन वर्षदेखि निरन्तर स्टार्टअप नेसन कार्यक्रम आयोजना गरी प्रवर्द्धन र पैरवी गरिरहेको जानकारी दिँदै उनले कैलालीमा प्रदेश सरकारसँगको सहकार्यमा चाँडै 'इन्कुवेसन' केन्द्र स्थापना गरिने बताए ।

साना तथा मझौला उद्यमीका लागि 'एसएमई' विकास केन्द्र महासंघमा स्थापना गरिने जानकारी दिँदै अध्यक्ष ढकालले यसको प्रभावकारी सञ्चालनको तयारी भइरहेको बताए । उद्योग व्यवसायसँग सम्बन्धित विवाद निरूपण गर्न महासंघमा मेलमिलाप केन्द्र स्थापनासम्बन्धी कार्यविधि तयार भएको बताउँदै उनले त्यसबाट व्यवसायी बीचका विवाद समाधानमा योगदान पुग्ने बताए ।

देशमा लगानीका सम्भावना प्रशस्त रहेका, जलविद्युत्, पर्यटन, उत्पादन, कृषि, भौतिक पूर्वाधारलगायत क्षेत्रमा स्वदेशी लगानीकर्ता पुँजी परिचालन गर्न इच्छुक रहेका बताउँदै स्वदेशी पुँजीमा नै विकास-निर्माणका परियोजना कार्यान्वयन गर्न नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड दर्ता भएको जानकारी दिए ।

उक्त कम्पनीमा कम्तीमा रु ४० अर्ब दाखिला गरी त्यसबाट प्रसारण लाइन निर्माणलगायत विकास आयोजना सञ्चालन गर्न सकिने उनले बताए । 'यो महासंघको कम्पनी होइन तर यसका सदस्य र गैरसदस्यले पनि लगानी गर्न पाउनेगरी बनेको कम्पनी हो । यसले बजारमा थोरै भए पनि मनोबल बढाउने अपेक्षा गरेका छौँ ।'

मुलुकको अर्थतन्त्रमा क्रमशः सुधार हुन थालेको भए पनि निजी क्षेत्र सन्तुष्ट भएर बस्ने अवस्था नरहेको बताउँदै अध्यक्ष ढकालले आर्थिक सूचक पनि सकारात्मक हुँदै गएका छन् भने ।

फरक प्रसंगमा उनले भने, 'अख्तियारलगायतका निकायको भूमिका निजी क्षेत्रमा रहने कि नरहने भन्ने विषय प्रष्ट हुनुपर्छ । नियमन मात्रै गर्ने, त्रासमात्रै देखाउने हो भने लगानीकर्ता निरुत्साहित हुनेछन् । उद्यमी व्यवसायीलाई पनि स्वच्छ र स्वस्थ व्यवसाय प्रवर्द्धन गरौँ भन्ने नै छ । उपभोक्ताप्रति जिम्मेवार व्यवसायलाई हामीले बढावा दिनुपर्छ। यसतर्फ हाम्रा कमजारी छन् भने सुधार गर्नुपर्छ ।'

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः**:arketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्ण कार्की, **सम्पादकः** विष्णु तामाङ